मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily




वर्ष १ • अंक ६५ • २०७९ साल पुस २९ गते शुक्रवार • Friday 13, Jan. 2023 • पृष्ठ ८ • मूल्य रु. ५/-

## ४ मन्त्री सहित मुख्यमन्त्री यादव आज शपथ लिंदै



मधेशदृष्टि

जनकपुरधाम, २८ पुस । मधेस प्रदेशका नवनियुक्त मुख्यमन्त्री सरोजकुमार यादवले शुक्रबार पद तथा गोपनीयताको शपथ लिंदैछन् ।

बुधबार मुख्यमन्त्री नियुक्त भएका यादवले शुक्रबार मधेस भवनस्थित प्रदेश प्रमुखको कार्यालयमा दिउँसो सबा १२ बजे शपथ लिने कार्यक्रम तय भएको प्रदेश प्रमुखको सचिवालयले जनाएको छ ।

जनता समाजवादी पार्टी नेपालका संसदीय दलका नेता यादव प्रदेशसभाका १० दलमध्ये ७ दल र २ स्वतन्त्र गरी ६३ सांसदको समर्थनमा मुख्यमन्त्री नियुक्त भएका हुन् । मुख्यमन्त्रीसँगै सत्ता साझेदार दलहरुबाट ४ जना थप मन्त्री शपथ लिनेछन् । शुक्रबार नै सानो आकारको मन्त्रीमण्डल गठन हुने जसपाका एक सांसदले जानकारी दिएका छन् ।

पहिलो चरणमा सबै दलबाट एक/एक जनाले शपथ लिने र विश्वासको मत प्राप्त गरेपछि मन्त्रीपरिषद विस्तार हुने ती सांसदको दाबी छ । शुक्रबार हुने शपथ ग्रहणमा नेकपा एमाले, नेकपा माओवादी केन्द्र, जनमत पार्टी र जसपाबाट एक/एक जना मन्त्री बन्न लागेको हो ।

ती श्रोतका अनुसार पहिलो चरणमा एमालेले भौतिक पूर्वाधार तथा विकास मन्त्रालय, नेकपा माओवादी केन्द्रले उद्योग तथा पर्यटन, जसपाले सामाजिक विकास मन्त्रालय र जनमतले भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वा उद्योग, पर्यटन तथा वन मन्त्रालय लिने सहमति भएको हो ।

श्रोत भन्छन 'शुक्रबार मुख्यमन्त्रीसहित एमाले, माओवादी केन्द्र, जनमत र जसपाका एक-एकजना मन्त्रीले शपथ लिनेछन् । उनले भने, 'यसपछि मन्त्रीमण्डलको विस्तार सम्भवतः विश्वासको मत लिएपछि हुनेछ ।

मधेसमा नेकपा एमालेसहित जनता समाजवादी पार्टी, जनमत पार्टी, नेकपा माओवादी केन्द्र, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल संघीय समाजवादी पार्टी र दुईजना स्वतन्त्र सांसद सत्ता साझेदार छन् । हुनत लोसपाले समेत समर्थन जनाएका छन् । लोसपाका प्रदेश दलका नेता अभिराम शर्माले भने हामीले समर्थन लिखित रुपमा मुख्यमन्त्रीज्यूलाई पठाइसकेका छौं । जहाँसम्म सरकारमा जाने कुरा हो केन्द्रिय तहमा छलफल भइरहेको छ, छलफलपछि मात्रै टुंगो लाग्नेछ ।

अर्थ मन्त्रालय, भौतिक पूर्वाधार र सामाजिक विकास मन्त्रालयको दाबी गरिरहेको तर बिहीवार एउटा मात्र - *बाँकी पृष्ठ ६ मा*

समाचार टिप्पणी

# मुख्यमन्त्री सरोज : उपेन्द्रको लगाम एमालेको वैशाखी, जनमतको दबाव

विश्वमणि पोखरेल

जनकपुरधाम, २९ पुस । संसदीय राजनीतिलाई गणितको खेल हो भनिन्छ र सबै भन्दा बढी सांसद जिल्ने दलको नेतृत्वमा सरकार बन्दछ । तर, दोश्रो आम निर्वाचनको परिणामले अक गणितिय मान्यतालाई मिथ्या सावित गरेको छ । र, केन्द्र र मधेश प्रदेश दुबैमा जनताबाट तेश्रो स्थान पाएकाहरुले सरकारको नेतृत्व गर्दैछन् ।

२ सय ७५ सिटमा जम्माजम्मी ३२ सिट भएको माओवादी केन्द्रको नेतृत्वमा संघीय सरकार बनेको छ । यता मधेशका १०७ सांसद मध्ये १६ सांसद भएको जनता समाजवादी (जसपा) को नेतृत्वमा मधेश सरकार बनेको छ । तेश्रो स्थानमा रहेका दलहरुको नेतृत्वमा सरकार बन्नुको प्रमुख कारण दुई प्रमुख दल नेपाली कांग्रेस र एमालेले एकले अर्कोलाई निषेध गर्दै तेश्रोलाई सत्ता सुम्पिएका हुन् ।

संघमा सबै भन्दा ठूलो दल कांग्रेसलाई प्रतिपक्षी बेञ्चमा राख्दै दोश्रो दल एमालेको वैशाखीमा माओवादी सत्ताको नेतृत्वकर्ता बन्यो । यता मधेशमा पहिलो दल एमालेको वैशाखी टेक्दै तेश्रो दल जसपाले सरकार बनायो, काँग्रेस यहाँ पनि प्रतिपक्षमा सिमित भयो ।

जसपाले केन्द्रमा संघीय सरकार बनाउन योगदान गरेवापत दोहोऱ्याएर मधेशको नेतृत्व गर्न पाएको हो । र, जसपा संसदीय दलका नेता सरोज यादव मुख्यमन्त्री बनेका छन् । यादव पछिल्लो समय जसपा केन्द्रीय अध्यक्ष उपेन्द्र यादवका विश्वासपात्र हुन र उनी अघिल्लो संसदमा सभामुखको भुमिकामा थिए । सरोजको नेतृत्वमा सरकारलाई पूर्णता दिने अभ्यासहरु भैरहेका छन् । मधेशको राजधानी जनकपुरधाम हो, तर सबै भागवण्डाका काम काठमाडौंबाट भइरहेका छन् । के देखिदैंछ भने दोश्रो आम निर्वाचनसम्म आइपुग्दा जसपा काठमाडौंको भरथेगमा मधेशमा उभिन पाएको छ । पार्टीको कमजोर आधार, एमालेको वैशाखी र पार्टी अध्यक्ष यादवको लगाम र जनमतको दबावबीच सरोजले सत्ताको नेतृत्व गर्नुपर्ने छ ।

आफ्नै दल भित्रका आकाक्षीहरुको सम्बोधन, सत्ता दाता एमाले तथा माओवादीलाई खुसी पार्नुपर्ने वाध्यता र जनमत पार्टी जस्तो जुझारु प्रतिस्पर्धीसँगै चल्नुपर्ने परिस्थिति छ उनका सामु । त्यसैमा निर्धर हुने देखिन्छ ।

मधेश राजनीतिलाई नजिकबाट नियाली रहेका राजनीतिक विश्लेषक जेपी आनन्द भन्छन् 'उपेन्द्र अहिलेसम्म पार्टीमा बलियो देखिएपनि उनी आम कार्यकर्ताको स्वीकार्य नेता बन्न सकेनन् । अहिले निर्वाचित भएकाहरु कतिपय उनको कमाण्डमा छैनन् ।' संघ र प्रदेशमा सरकार विस्तार पछि जसपामा संकट आउँने आँकलन आनन्दको छ ।'जसपा अहिले अप्ठारोमा छ'आनन्द भन्छन् ' अहिलेको सत्तासमिकरण कसरी अगाडि जान्छ र जनमतसँगको सम्बन्ध कस्तो हुन्छ, त्यसले धेरै कुरा निर्धारण गर्दछ ।'

> *मधेशको राजधानी जनकपुरधाम हो, तर सबै भागवण्डाका काम काठमाडौंबाट भइरहेका छन् । के देखिदैंछ भने दोश्रो आम निर्वाचनसम्म आइपुग्दा जसपा काठमाडौंको भरथेगमा मधेशमा उभिन पाएको छ । पार्टीको कमजोर आधार, एमालेको वैशाखी र पार्टी अध्यक्ष यादवको लगाम र जनमतको दबावबीच सरोजले सत्ताको नेतृत्व गर्नुपर्ने छ ।*

अहिलेको सहमति अनुसार जसपा र जनमतले आलोपालो नेतृत्व गर्नुपर्ने हुन्छ । पकारान्तले मधेशको सत्ताको नेतृत्व गर्ने अवसर पाए पनि सरकार संचालनबाट पार्टीको खस्किएको हैसियत उकास्ने अवसर भने जसपाका लागि सहज छैन । आगामी निर्वाचनसम्ममा मधेशको राजनीतिमा जनमत प्रभावशाली भएर स्थापित हुने हो वा जसपा आफ्नो विगतको हैसियत कायम गर्नसक्ने हो ? सत्ता राजनीतिको तातोमा यस्ता प्रश्नहरु गौण बनेका छन् ।

संघ र प्रदेश दुबैमा पार्टीका आकाक्षीहरुको व्यवस्थापन अध्यक्ष उपेन्द्रका लागि सबै भन्दा चुनौती बनेको छ यतिखेर । राजनीतिक विश्लेषकहरु, नेताहरु मधेशवादी दलहरुबीचनै यताउता लाग्ने भन्दा चुनाव अघिदेखि एमालेमा प्रवेश गर्न खुट्टा उठाएका जसपाका महत्वाकाक्षीहरुको व्यवस्थापन उपेन्द्रले कसरी गर्ने हुन ? जसपाको भविष्य

### विगतमा रवाफ, वर्तमानमा लाचार

मधेश प्रदेशमा पहिलो आम निर्वाचन परिणामले दुई मधेशवादी दलसँग सरकार बनाउन आवश्यक बहुमत थियो । तर, दोश्रो आम निर्वाचनसम्म आइपुग्दा दुईटा मधेशवादी दलको हैसियत पहिलेको एउटै दल संघीय समाजवादी फोरमको २९ सिट जति पनि पुग्दैन । पहिलो आम निर्वाचनमा उपेन्द्र नेतृत्वको संघीय समाजवादी फोरम र महन्थ ठाकुर नेतृत्वको राष्ट्रिय जनता पार्टी गठबन्धन गरेर चुनावमा उत्रिएका थिए ।

समाजवादी फोरमले २९ सिट र राजपाले २५ सिट ल्याए । मधेश आन्दोलनको रापतापबीच चुनावी गठबन्धनलाई मतदाताले स्वागत गरेका थिए । सरकार बनाउन आवश्यक ठ्याक्क ५४ सिट उनीहरुले पाएका थिए । त्यसमा नेपाल संघीय समाजवादीको एक सिट जोडिएर ५५ सिट थियो सत्ता पक्षमा । तेश्रो ठूलो दल एमाले २१, चौथोमा कांग्रेस १९ पाचौ माओवादी ११ सिट ल्याएकाहरु सुरुमा प्रतिपक्षमा बसे ।

सरकार बनेपछि संघीय समाजवादी फोरम र राजपा एकिकृत भएर जसपा बन्यो । फोरमका लालबाबस राउत मुख्यमन्त्री बने भने राजपाका सरोज यादव अहिलेका मुख्यमन्त्री सभामुखको जिम्मेवारीमा रहे ।

केन्द्रमा केपी ओलीले संसद विघटन र संसद पुर्नस्थापना प्रकरणमा मधेशको जसपा विभाजित भयो । उपेन्द्र यादव नेतृत्वको जसपा छोडेर महन्थ ठाकुर हरुले लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) स्थापना गरे । मुख्यमन्त्री लालबाबु र सभामुखमा सरोज कायम रहे भने प्रतिपक्षमा रहेका कांग्रेस, माओवादी र एमालेबाट विभाजित एकिकृत समाजवादी सरकारमा सहभागि बने ।

मधेशवादीदल गठबन्धन गरेर चुनावमा होमिएको राजनीति दोश्रो आम निर्वाचनसम्म भिन्न रह्यो । चुनावको मुखमा जसपा एमाले गठबन्धनमा गयो भने लोसपा कांग्रेस नेतृत्वको गठबन्धनमा सहभागि बन्यो । परिणाम : मधेश प्रदेशको सबै भन्दा ठूलो दल २३ सिट सहीत एमाले बन्यो, कांग्रेसले २२ सिट पाएर दोश्रो भयो भने तेश्रो स्थानमा १६ सिटको जसपा, चौथो स्थानमा सीके नेतृत्वको जनमत १४ सिटमा विजयी भयो ।

पाँचौ स्थानमा लोसपा ९ सिट, छैठौ स्थानमा माओवादी ८ सिट र सातौं स्थानमा एकिकृत समाजवादीले ७ सिट प्राप्त गरेका छन् । पहिलो चुनावमा ६ वटा राजनीतिक दल थिए, मधेश प्रदेशमा । दोश्रो आम निर्वाचनमा जनमुक्ति पार्टी, संघीय समाजवादी, राप्रपा सहीत १० वटा दल प्रदेशसभामा आएका छन् भने ५ जना स्वतन्त्र सांसद छन् ।

पहिलो निर्वाचनको तुलनामा दोश्रोमा मधेशवादी दल नराम्ररी खुम्चिए । पहिला निर्वाचनमा ५४ सिट कब्जा गरेकाहरु दोश्रोमा २६ सिटमा सिमित हुनपुगे । मधेशमा जनमतको १४ सिट सहीत नयाँ दलको रुपमा उदय भयो । कांग्रेसले ४ सिट थप्यो, एमालेले ३ सिट बढायो, माओवादीले ३ सिट कम पायो, एकिकृत समाजवादी ७ सिट, राप्रपा, जनउन्मुक्ति पार्टी लगायत ५ जना स्वतन्त्र प्रदेशसभामा आएका छन् ।

मधेशवादी दलको अवस्था किन यती नराम्ररी खस्कियो? जेपि आनन्दको विश्लेषणमा मधेश प्रदेशमामात्र नभएर प्रदेश एक र लुम्बिनी प्रदेशमा पनि मधेशवादी दल विगतको तुलनामा चुनावी राजनीतिमा क्षयीकरण भएका छन् । 'मधेशवादी र थारुहटवादी पहिला एकै थिए, उनीहरु मधेशवादीबाट हाम्रो मुद्धा सम्बोधन भएन भन्दै बेग्लै पार्टी खोलेर चुनावमा उत्रिए' आनन्द भन्छन् 'आम मधेशी मतदाताहरुमा मधेशवादी हाम्रो मुद्धामा जोडिएका छैनन् भन्ने भयो, उनीहरुले जनमत, कांग्रेस, एमालेलाई मत हाले ।'

राजनीतिक विश्लेषक तुलानारायण साह पहिलो र दोश्रो आम निर्वाचनमा तात्विक भिन्नता - *बाँकी पृष्ठ ६ मा*

## पुनः शपथ ग्रहण गर्न मन्त्री साहले छोडे मन्त्रालय

मधेशदृष्टि

जनकपुरधाम, २८ पुस । मधेश प्रदेश सरकारका नवनियुक्त मन्त्रीहरुको शपथ ग्रहणको एक दिन अगावै गृह तथा सञ्चार मन्त्री भरत साहले मन्त्रालय छोडेका छन् ।

भोली शुक्रवार प्रदेश सरकारको आगामी कार्यकालमा नवनियुक्त मन्त्रीहरुको शपथ ग्रहण हुनेछ । माओवादी केन्द्रबाट गृह तथा सञ्चार मन्त्री रहेका मन्त्री साह पुनः मन्त्री बन्न उनले कार्यालय छोडेको बुझिएको छ ।

पार्टी श्रोतका अनुसार पदमा बसेको अवस्थामा नयाँ कार्यकालका लागि शपथ ग्रहण गर्न नसक्ने व्यवस्था रहेको हुनाले उनले मन्त्रालय छाडेका हुन । सत्ता गठबन्धनको सहमति अनुसार मन्त्री साह पुनः गृह तथा सञ्चार मन्त्री नै पाएको ती श्रोतका दाबी छ । माओवादीले एक मन्त्री र एक राज्यमन्त्री पाउने सम्भावना रहेको छ । तर माओवादीले दुई मन्त्री र एक राज्यमन्त्रीमा दाबी गर्दै आएका छन् ।




मन्त्री साहले आफु पुनः सोहि मन्त्रालयमा फर्कने संकेत समेत कार्यालय छोडनु अघि आफ्नै कार्यालयमा गरेको पत्रकार सम्मेलनमा गरेका छन् । उनले प्रदेश सरकारको मन्त्रालयमा राज्यमन्त्रीको कुनै आवश्यकता नरहेकोले यो व्यवस्था नै हटाउनुपर्ने विचार व्यक्त समेत गरे । सो पत्रकार सम्मेलनमा उनले आफ्नो कार्यकालमा गरेको कार्यहरुको कार्य प्रगति विवरण प्रस्तुत गरेका छन् ।

कार्यप्रगति विवरण प्रस्तुत गर्दै उनले आफनो कार्यकालमा मुख्य दुई काम प्रहरी र कर्मचारी समायोजन गर्न नसकेको बताउँदै प्रहरी र कर्मचारी प्रदेश सरकार मातहत नआए सम्म प्रदेश सरकार अधिकार सम्पन्न हुन नसक्ने र काम गर्न कठिनाई हुने भने ।

मन्त्री साहले प्रहरी प्रशासनलाई स्रोत साधन सम्पन्न बनाउन मन्त्रालयको तर्फबाट गरिएको सवारी साधन, उपकरण सहयोग देखि सञ्चार जगतका लागि गरेका कामहरुको विवरतण सार्वजनिक गरेका छन् । प्रहरी चौकीहरुका लागि बनाइएको भवन सहितका भौतीक पुर्वाधारका कामहरु, प्रदेश सरकारको मुद्रणका लागि छापाखाना, प्रदेश एफ.एम. रेडियो तथा टेलिभिजन सम्बन्धी नियमावली निर्माण समेत उनको प्रगती विवरणमा उल्लेख छ । मधेशी शहिद प्रतिष्ठानको गठन, शहिद परिवारलाई राहत समेत देखाइएको प्रगती विवरणमा मन्त्रालयबाट आर्थिक वर्ष २०७८/०७९ मा ६२.२० प्रतिशत र चालु आर्थिक वर्षको वितेको छ महिनामा ८.९७ प्रतिशत खर्च भइसकेको समेत समावेश छ ।

हार्दिक शुभकामना

मधेश प्रदेश सरकारको गरिमामय मुख्यमन्त्री पदमा नियुक्त हुनु भएका माननीय सरोज कुमार यादवज्युलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु ।



बिशेश्वर यादव
नगर प्रमुख
कमला नगरपालिका
धनुषा, मधेश प्रदेश

# बालविवाह अन्त्यका लागि संवाद कार्यक्रम सम्पन्न

आरके श्रीवास्तव
गरुडा,२८ पुस ।
रौतहट जिल्लाको माधवनारायण नगरपालिकाको सभा हलमा बालविवाह अन्त्यका लागि सामाजिक अभियन्ता, धार्मिक अगुवाहरू तथा स्थानिय सरकार बीच संवाद कार्यक्रम सम्पन्न भएको छ ।

वर्ल्ड भिजन र निरन नेपालको संयुक्त आयोजना तथा माधवनारायण नगरपालिकाको सहयोगमा सञ्चालन गरिएको उक्त कार्यक्रममा मौलाना शेख अनिसुर रहमानको अध्यक्षता र प्रमुख अतिथि उपमेयर निर्मला कुमारी रहेका थिए ।

विभिन्न धर्मका धार्मिक अगुवाहरू जस्तै; पण्डित बाबा , मौलाना र पास्टरहरुको विशेष उपस्थितिमा कार्यक्रम



सम्पन्न भएको थियो ।

वास्तवमा अहिलेका युवा हाम्रो भविष्यका कर्णधार हो भनी ध्यान केन्द्रित गर्दै आफ्नो समाजमा जनचेतना जगाउने हिसाबले र बाल विवाह तथा दाइजो प्रथा अन्त्यका लागि युवाहरुको सक्रियताले धैरै ठूलो महत्वपूर्ण भूमिका खेल्ने देखिएकोले आउने भविष्यमा केही न केहि परिवर्तन आउने उद्देश्यले उक्त कार्यक्रम गरिएको र केही हदसम्म सफल हुन जाने देखिएको सहजकर्ताहरुको भनाई थियो ।

हाम्रो समाजमा बाल विवाह एक आम समस्याका रूपमा देखिएको हो जसलाई हामी सबै मिली एकजुट भई लग्दैनौं तब सम्म यो कुप्रथाबाट छुटकारा पाउँदैनौं , त्यस्तै हामी सबै मिली बाल विवाह तथा दाइजो प्रथा हाम्रो समाजको लागि कारक तत्वको रूपमा विद्यमान रहेका कुप्रथालाई जरा देखि नै अन्त्य गर्ने तर्फ लाग्नु पर्छ भनी सहजकर्ताहरुले सबैमा आग्रह पनि गरेका थिए । त्यस्तै, कार्यक्रममा माधवनारायण नपाकी उप मेयर निर्मला कुमारी र प्रशासन शाखाका प्रमुख पृथ्वी नारायण यादव, मौलाना रहमत आलम,गुरु पण्डिजी भुपनारायण पण्डिजी, पास्टर दीपक श्रेष्ठ, प्रहरी चौकी माधोपुरको प्रहरी हवल्दार नागेश्वर चौधरी, शिव दयाल पण्डित लगायत विभिन्न धर्मका धार्मिक अगुवाहरू, सहजकर्ताहरु, शिक्षक, शिक्षिका, विद्यार्थी र पत्रकार लगायत समाजका भद्रभलादमीहरूको पनि उल्लेख्य उपस्थिति रहेको थियो । कार्यक्रमको उदघोषण शिव शंकर पासवानले गरेका थिए ।

# मधेश मिडिया काउन्सीलद्वारा वार्षिक बुलेटिन सार्वजनिक




मधेशदृष्टि
जनकपुरधाम,२८ पुस । मिडिया काउन्सिल मधेश प्रदेशले एक समारोहबीच वार्षिक बुलेटिन सार्वजनिकीकरण गरेको छ ।

काउन्सिलका कार्यवाहक अध्यक्ष कैलास दासको अध्यक्षतामा भएको बुलेटिन सार्वजनिकीकरण कार्यक्रममा प्रमख अतिथि गृह तथा सञ्चारमन्त्री भरत प्रसाद साहले यो बुलेटिनबाट पत्रकारिता क्षेत्रमा ठूलो योगदान पुग्ने बताएका छन् ।

उनले भने, 'मिडिया काउन्सिलले गरेको कार्य प्रशंसनीय छ । यो बुलेटिनमा प्रिन्ट मिडियादेखि लिएर डिजिटल मिडिया, ग्रामिण पत्रकारितादेखि लिएर महिला, दलित लगायतको पत्रकारिता बारेमा वरिष्ठ पत्रकारहरुको लेख सबैका लागि उपयोगी हुने बताए ।

मन्त्री साहले मधेश प्रदेशको सञ्चारमाध्यम र पत्रकारहरुको अवस्था बारेमा यो पुस्तकले उजगार गर्ने प्रयास गरेको छ । मिडिया काउन्सिलको यो प्रयास निरन्तरता दियोस् अपेक्षा पनि राखेका छन् ।

कार्यक्रममा मधेश प्रज्ञा प्रतिष्ठानका अध्यक्ष रामभरोस कापडि, गृह तथा सञ्चार मन्त्रालयका सचिव रामकुमार महतो, वरिष्ठ पत्रकार रमेश रञ्जन झा, आमसञ्चार प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादव, वरिष्ठ पत्रकार रामभरत साह, जिल्ला समन्वय समितिका अध्यक्ष राजनन्दन मण्डल, पत्रकार तथा साहित्यकार रोशन जनकपुरी, अशोक दत्त सहितका व्यक्तिहरुले आ आफ्ना विचार राखेका छन् ।

कार्यक्रममा स्वागत मन्तव्य काउन्सिलका सदस्य सचिव मुनेश्वर यादवले गरेका छन् । बुलेटिनमा २५ वटा लेखरचनाहरु रहेको छ ।

# विपन्न तथा जेष्ठ नागरिकहरुलाई कम्बल वितरण




आरके श्रीवास्तव
गरुडा,२८ पुस ।
चिसोबाट प्रभावित रौतहटका गरुडा नगरपालिका वडा नम्बर ९ का २० जना गरिब तथा विपन्न ,जेष्ठ नागरिकहरुलाई बिहीबार कम्बल वितरण गरिएको छ। नगर प्रमुख कन्थमनी जयसवालले गरिब तथा विपन्न परिवारलाई कम्बल वितरण गरेका हुन् ।

केही दिन यता मधेशमा लगातार शीतलहर चल्दा गरिब तथा अति विपन्न परिवारलाई असहज भइरहेको अवस्थामा मेयर जयसवालले कम्बल वितरण गरेपछि उनीहरुले राहतको महसुस गरेका छन् ।

चिसोका कारण कसैले पनि अकालमै ज्यान गुमाउन नपरोस् भन्ने उदेश्यका साथ विपन्न परिवारको तथ्याङ्क संकलन गरेर कम्बल वितरण गरिएको गरुडा नगरपालिकाका प्रशासन शाखा प्रमुख प्रशान्त कर्णले जानकारी गराएका हुन् ।

अत्याधिक चिसो र शीतलहरका कारण दैनिक ज्यालादारी गर्नेहरु समस्यामा परेका छन् भने वृद्धवृद्धा तथा बालबालिकाहरु जोखिममा रहेका छन् ।सो अवसरमा गरुडा नगरपालिकाका वडा नम्बर २ कृष्नन्दन सहनी,वडा नम्बर ९ का वडा अध्यक्ष राजेश सहनी,नि.प्रमुख प्रशासकिय अधिकृत रामबाबु राय यादव लगायत भद्रभलादमी,स्थानियहरुको उपस्थिती रहेको थियो ।

चिसो मौसममा कम्बल पाउँदा स्थानियहरुले मेयर जयसवालको यो कार्यको सराहना गर्दै धन्यवाद समेत दिएका छन् ।

# मटिहानी नगरपालिकाका प्रवक्ता कर्णको निधन

मधेशदृष्टि
महोत्तरी, २८ पुस । महोत्तरी जिल्लाको मटिहानी नगरपालिकाका प्रवक्ता नागेन्द्र लाल कर्णको निधन भएको छ । नगरपालिकाको कार्यपालिका सदस्य समेत रहेका मटिहानी वड़ा नम्बर ८ निवासी कर्ण बुधवार राति निधन भएको हो ।

६५ बर्षीय कर्णको हृदयघाटको कारण निधन भएको कुरा उनको परिवारले जनाएको छ। कर्णको परिवारमा श्रीमती, दुई छोरा र एक छोरी रहेको छ। उनी २०७९ सालको स्थानीय तहको निर्वाचनमा लोसपाबाट कार्यपालिका सदस्य पदमा निर्वाचित भएको थियो। यसै बीच कर्णको निधन प्रति मटिहानी नगरपालिका नगर प्रमुख हरि प्रसाद मंडलले दुःख ब्यक्त गर्दै शोक प्रकट गरेका छन ।

साथै उनको निधनमा शोक प्रकट गर्दै पालिकाको सम्पूर्ण कामकाज एक दिन बन्द गर्ने निर्णय भएको मटिहानी नगरपालिकाका मेयर हरि मण्डलले जानकारी दिएका छन् ।

# चन्द्रमोहनलाई कारवाही

मधेशदृष्टि
जनकपुरधाम, २८ पुस। नेपाली कांग्रसेका नेता डा.चन्द्रमोहन यादव र ईब्राहिम राईनलाई कारबाहीका लागि जिल्ला समितिमा सिफारिस गरिएको छ ।

नेपाली कांग्रेस धनुषा निर्वाचन क्षेत्र नम्बर ४ को क्षेत्रीय समितिले प्रतिनिधिसभाको निर्वाचनमा पार्टीको अनुशासन विपरीत काम गरेको भन्दै सिफारिस गरेको हो । क्षेत्रीय सभापति कुमरकान्त झाको अध्यक्षतामा बसेको बैठकले निर्वाचनमा नेता यादव तथा राईनले नेकांका उम्मेदवार महेन्द्र यादव विरुद्ध लागेको भन्दै कारबाहीका लागि सिफारिस गरेको जनाइएको छ । नेता यादव र राईनले नेकपा एमालेका उम्मेदवार रघुवीर महासेठसंग रकम लिइ महेन्द्र यादवलाई पराजित गर्न चलखेल गरेको क्षेत्रीय समितिले ठहर गरेको छ ।'चन्द्रमोहन र ईब्राहिम महेन्द्रको विपक्षमा नगएको भए उनी जित्ने निश्चित थियो',सभापति झाले भने ।

यीनीहरुले महासेठको पैसा खाएर मतदाता भड्काउने काम गरेकोले नेकांको उम्मेदवार यादव पराजित भएको झाले दाबी गरेका छन् ।

# नदीजन्य सामाग्री उत्खन्नमा देखिएको समस्याप्रति संघको ध्यानाकर्षण

आरके श्रीवास्तव
गरुडा, २८ पुस। नदीजन्य सामाग्री उत्खन्नमा देखिएको समस्याप्रति निर्माण व्यवसायी संघ रौतहटको गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

संघले एक प्रेस विज्ञप्ती जारी गरी निर्माण उधोगका लागि आवश्यक कच्चा पदार्थ गिट्टी,बालुवा,ढुंगा,माटो लगायतका निर्माण सामाग्रीहरुको उतखन्न,ओसारपसार लगायत पछिल्लो समयमा देखिएको समस्या प्रति संघको गम्भीर ध्यानाकर्षण भएको जनाएको हो ।

विगतमा पनि पटक पटक नदी तथा आनीजन्य निर्माण सामाग्री उत्खन्नमा देखापर्ने समस्याले उधोग अक्रान्त रहेको उल्लेख छ । राज्यले क्रसर उधोगहरु निर्माण कार्यको मुख्य सिजनमा बिना पूर्व सूचना नियमन गर्दा क्रसर उधोगहरु बाट उत्पादिक निर्माण, सामाग्रीहरु उत्खन्न,उत्पादन र ओसरपसारमै गम्भिर समस्या आएको संघको ठहर छ।

जसको कारणले गर्दा त्यसको प्रत्यक्ष असर राष्ट्रिय गौरवका आयोजना लगायत सम्पूर्ण निर्माण कार्यहरूमा परेको छ । सोही कारणबाट निर्माण कार्यका लागि खानी तथा नदीजन्य निर्माण सामग्रीहरूको अभाव भई निर्माण कार्यहरू ठप्प हुन पुगेको व्यहोरा संघे जानकारी गराएको छ। नदी तथा खानीजन्य सामग्रीहरूको उत्पादन, उत्खनन् र संकलनका रोयल्टीको निर्धारण विभिन्न स्थानीय निकायहरूले विना मापदण्ड अनुचित रूपले फरक फरक निर्धारण गर्ने गरेको पाइएको छ । यस्तो रोयल्टी मूल्यको मापदण्ड संघीय सरकारद्वारा नै निर्धारण गरिनुपर्दछ साथै निर्माण सामग्रीहरूको त्तगबचचथ श्यलभ राज्यवाटै तोक्न र उचित मूल्य निर्धारण गर्न संघले जोडदार माग गरेको छ।

इन्धन सहित निर्माण सामग्रीमा भइरहेको अत्यधिक मूल्यवृद्धिका कारण निर्माण परियोजनाहरू अगाडि बढाउन समस्या भइरहेको वर्तमान अवस्थामा गृह मन्त्रालयबाट २०७९/०९/२० मा जारी भएको निर्देशनबाट निर्माण उद्योग लगायत आम उपभोक्तामा गम्भिर असर परेको छ । यसवाहेक नदीजन्य तथा खानीजन्य निर्माण सामग्रीहरुको हालको समस्याले त्यस्ता सामग्रीहरूको अभाव सिर्जना भई कार्टेलिङले प्रश्रय पाउने र विगतमा जस्तै चरम मूल्यवृद्धि हुने र केही समय अघि देखि चर्को मूल्यवृद्धिको मारमा परेका निर्माण व्यवसायीहरू थप मारमा पर्ने निश्चित छ गिट्टी, बालुवा, माटो, ढुङ्गा लगायतका निर्माण सामग्री उत्खनन्मा समस्या देखिए चालु निर्माण परियोजनाहरूको लागत र समय बढ्ने देखिएको छ । यसबाट विगतमा झैं काम गर्न नसकेको भनी निर्माण व्यवसायीमाथि अनर्गल आरोप लगाउने अवस्था सिर्जना हुने देखिन्छ परियोजनास्थल र सोसँग सम्बद्ध क्षेत्रमा रहेका नदी तथा खानीजन्य निर्माण सामग्रीको परियोजनाले उपभोग गर्न प्रयोग गरिएका उपकरणहरू समेत सञ्चालन गर्न प्रतिबन्ध लगाएकोप्रति पनि संघको गम्भिर ध्यानाकर्षण भएको छ । अन्त्यमा, निर्माण उद्योग प्रतिकूल रहेका सबैखाले समस्या तत्काल अन्त्य गरी निर्वाधरूपमा निर्माण व्यवसाय सञ्चालन गर्ने आवश्यक वातावरण बनाउन संघ नेपाल सरकार लगायतका सम्बन्धित सबै निकाय समक्ष जोडदार माग गरिएको अध्यक्ष कृष्णदेव यादव द्वारा हस्ताक्षरित सूचनामा उल्लेख रहेको छ।

# पाठक भ्रष्टाचारी ठहर

मधेशदृष्टि
जनकपुरधाम, २८ पुस। अख्तियार दुरूपयोग अनुसन्धान आयोगका पूर्वआयुक्त राजनारायण पाठक भ्रष्टाचारी ठहर भएको छ । बिहीवार विशेष अदालत काठमाडौंले पाठकलाई ३ वर्ष ३ महिना कैद सजाय र ३९ लाख जरिवानाको फैसला सुनाएको अदालतका प्रवक्ता दीपेन्द्रनाथ योगीले जानकारी दिएका छन् । पूर्वआयुक्त पाठकसँगै नेपाल इन्जिनियरिङ कलेजका तत्कालिन अध्यक्ष लम्बोदर न्यौपानेलाई ३ वर्ष कैदको फैसला गरेको छ । नेपाल इन्जिनियरिङ कलेजको सम्बन्धन विवादमा पाठकले न्यौपानेसँग ७८ लाख मागेको अडियो सार्वजनिक भएको थियो । सो मुद्दामा विशेष अदालतका अध्यक्ष श्रीकान्त पौडेल तथा न्यायाधीशहरू यमुना भट्टराई र बलभद्र बास्तोलाको इजलासले पाठकलाई दोषी ठहर गरेको हो । नेपाल इन्जिनीयरिङ कलेजको जग्गा विवादमा ७८ लाख घुस लिएको आरोपमा पाठकमाथि मुद्दा दायर भएको थियो । अख्तियारको आयुक्त भएकै बेलाको मुद्दा भएकाले थप ३ महिना कैद हुने समेत फैसलामा उल्लेख रहेको योगीले बताए ।

# देवाहीगोनाहीमा बन्ध्याकरण शिविर

आरके श्रीवास्तव
गरुडा,२८ पुस । रौतहटाको देवाहीगोनाही नगरपालिकामा भ्यासेक्टोमी तथा मिनिल्याप अप्रेशन क्याम्प जारी रहेको छ।

स्वास्थ्य कार्यालय रौतहटको आयोजना र सुनौलो परिवार नेपालको संयुक्त आयोजना र देवाहीगोनाही नगरपालिकाको सहयोगमा तिन दिने शिविर बुधवार देखि सुरु भएको हो। देवाहीगोनाही



नगर प्रमुख प्रेमलाल साहले एक कार्यक्रमका बिच सो शिविरको उद्धघाटन गरेका हुन् ।

सो नगरपालिकाको वडा नम्बर ८ स्थित रहेको देवाहीगोनाही नगर अस्पतालमामा शिविर चलिरहेको छ । सन्तानको रहर पुगी सकेका दम्पतीहरुमा बन्ध्याकरणको लागि सो क्याम्प सुरु गरिएको हो। पुर्वत सूचना अनुसार बुधवारदेखि सो क्याम्प सुरु गरिएको हो । सो शिविरमा बिहिहवार सम्म ५३ जनाले बन्ध्याकरण गराएको नगर अस्पतालका प्रमुख ले जानकारी गराए ।

सो बन्ध्याकरण शिविरमा जिल्ला स्वास्थ्य कार्यालयको टोली लगायत महिला स्वास्थ्य स्वयंसेविका र अन्य स्वास्थ्यकर्मीहरुको उपस्थितीका बिच शिविर उद्धघाटन गरिएको हो । शिविर पुस २७ गतेदेखि २९ सम्म चल्ने जानकारी गराइएको छ। स्वास्थ्य कार्यालयले जिल्ला विभिन्न पालिकामा शिविर चलाइरहेको छ । अहिलेसम्म फतुवा बिजयपुर,कटहरिया लगायतको नपामा शिविर सम्पन्न भइसकेको छ।

# उपमेयर रिता देवीद्वारा अपांगलाई ह्विल चेयर प्रदान



आरके श्रीवास्तव
गरुडा,२८ पुस । रौतहटको कटहरिया नगरपालिका १ भसेढवा घर भएका एक जना अपांगलाई कटहरिया नगरपालिकाले ह्विल चेयर सहयोग गरेको छ। विहिवार एक कार्यक्रमका बिच ह्विल चेयर प्रदान गरिएको हो।

विहिबार कटहरियाकी नगर उप प्रमुख रिता देवीको अध्यक्षतामा अपांग माहावती देवीलाई ह्विल चेयर प्रदान गरिएको थियो । कार्यपालिका सदस्य शान्ति देवी यादव, वडा सदस्य रामइश्वर यादव स्थानीय भद्र भलादमी,बुद्विजीबी,समाजसेवीहरुको उपस्थितिमा अपांग माहावतीलाई ह्विल चेयर सहयोग गरेका थिए।

कमजोर आर्थिक अवस्था भएका कारण माहावतीले ह्विल चेयर किन्नबाट बंचित रहेकी थिए। अहिले लामो दुःख भोगेका माहावती ह्विल चेयर पाएपछि खुशी भएकी छिन् । उनले उपमेयर यादवलाई धन्यवाद समेत ज्ञापन गरिन।

कटहरिया नगरपालिकाको अपांग समन्वय समितिकी संयोजक समेत रहेकी उपमेयर यादवले अपांगहरुलाइ जुनसुकै बेला सहयोग गर्न आफू तयार रहेको बताईन । अपांगहरुको हक अधिकार दिलाउन आफू कहिले पछाडी नपर्ने उपमेयर यादवको भनाई रहेको छ। समय समयमा कटहरिया नगरपालिकाले अपांगहरु यस्तै किसिमको सहयोग गर्दै आइरहेको छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### धनुषा (०४१)

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

### महोत्तरी (०४४)

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

### रत्नसागर मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## मन्दिरको समय

### जानकी मन्दिर (प्रत्यके दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

### राम मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

# अन्धविश्वास हटाउन धर्मगुरुहरुले भुमिका खेल्नुपर्ने प्रजिअ थापाको भनाई

विनय कर्ण

सप्तरी, २८ पुस । सप्तरीका प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापाले समाजमा विद्यमान रहेको अन्धविश्वास हटाउन पण्डित, मौलानाले महत्वपूर्ण भूमिका खेल्नुपर्ने बताएका छन् ।




बालविवाह विरुद्ध प्रदेश स्तरिय संजाल, परिकल्पना नेपाल सप्तरी तथा जिल्ला प्रहरी कार्यालयको संयुक्त आयोजनामा बिहिवार पण्डित, पुरोहित, मौलाना र प्रहरीबीच बालविवाह बिषयमा कानुनी प्रावधान बिषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै प्रमुख अतिथी थापाले अन्धविश्वासले समाजलाई गलत दिशामा लगिने भएको यसबाट सजग रहन सुझाव दिए ।उमेर नपुगेको अवस्थामा गरिने बिवाह हरेक दृष्टिकोणले समाजमा नकारात्मक असर पारिरहेकोले यसलाई रोक्नुपर्ने उनले बताए । "धर्म सम्प्रदाय अनुसार बिवाह भईरहेको छ, कानुनमा भएको कुरा मलाई थाहा थिएन भनेर पन्छिन पाईदैन ।" उनले भने, "बालविवाह गर्ने गराउने जो कोही पनि दण्डको हकदार हुन्छ ।"

कार्यक्रममा जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरीक्षक अबिनारायण काफ्लेले मन्दिरहरुलाई किशोर किशोरी युवाले प्रेम मिलन केन्द्र र लागू औषध प्रयोग गर्ने स्थलको रुपमा प्रयोग गर्ने चलन बढ्दै गएकोले यसप्रति सबै सचेत हुनुपर्ने बताए ।उनले बालबालिकाहरूलाई कुलतमा लाग्न नदिन र बालविवाह न्यूननिकरण गर्न अभिभावक सचेत हुनुपर्ने बताउँदै जनप्रतिनिधिहरु पनि कानुनी सजाय भोगिरहेको यस्ता घटना नदोहोर्‍याउन आग्रह गरे ।

सामुदायिक सेवा केन्द्रका अध्यक्ष हितनारायण लाल दासले बालविवाह न्युनीकरण गर्न जटिल, कठिन भएपनि असंभव भने नभएको तर्क राखे । बालविवाह रोक्न समाजका सबै अगुवा एक ढिक्का हुनुपर्नेमा उनले जोड दिए ।

पण्डित श्यामसुन्दर झाले पण्डितलाई विवाहमा विधि पुर्याउन बोलाउने भएको हुनाले बेहुला बेहुलीको उमेर थाहा नहुने बताए । उनले समाजमा बालविवाह अहिलेपनि अभिसाप रहेकोले यसलाई जरैबाट उखेल्न आवश्यक रहेको बताए । अर्का पण्डित कमलकान्त झाले सरकारले राज्यबाट दिने सुविधाबाट बन्चित नगरेसम्म बालविवाह न्युनीकरण नहुने जिकिर गरे ।

कार्यक्रममा पण्डित नितान्त झा मौलाना मो. तेईस लगायतले आ आफ्ना मन्तव्य व्यक्त गरे भने परिकल्पना नेपालका अध्यक्ष सुधा देवले कार्यक्रमको उद्देश्य प्रस्तुत गरेकी थिईन् ।

# अपराध न्यूनिकरण सम्वन्धि सचेतनामूलक प्रशिक्षण सम्पन्न

विणय कर्ण

सप्तरी, २८ पुस । सप्तरीका स्कूले बालबालिकाहरुलाई अपराध न्यूनिकरण सम्बन्धी सचेतनामूलक प्रशिक्षण दिईएको छ । जिल्ला प्रशासन कार्यालय सप्तरीको आयोजनामा बिहीबार राजविराज स्थित ह्यापील्याण्ड सेकेण्ड्री स्कूलका छात्र-छात्राहरुलाई सचेतनामूलक प्रशिक्षण दिईएको हो । माध्यमिक स्तरका बालबालिकाहरुलाई लागुऔषध नियन्त्रण, जबर्जस्ती करणी, सार्वजनिक शान्ति बिरुद्ध कसुर, अभद्र व्यवहार, जुवा तास, र कालो बजारी जस्ता अपराधबारे प्रशिक्षण दिईएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरीक्षक अविनाराण काफ्लेले जानकारी दिए ।

उनले समाजमा हुँदै आएका अपराध न्यूनीकरण गर्ने प्रयास स्वरुप माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुमा सचेचना ल्याउन प्रहरी समुदायमा यस्ता कार्यक्रम गर्दै आएको बताए । "विगत ५ महिनामा जुन ठाउँमा जस्तो प्रकृतीको अपराधिक घट्ना भएको छ त्यही अनुसारको प्याकेज बनाएर बालबालिकालाई प्रशिक्षण दिईएको छ, अपराध हुनबाट समाजलाई बचाउने हाम्रो लक्ष्य हो, यस्तो सचेतनामूलक कार्यक्रम निरन्तर गर्दै आएका छौं र गरिरहने छौ" काफ्लेले भने । प्रमुख जिल्ला अधिकारी भूपेन्द्र थापाको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रहरी उपरीक्षक काफ्लेले साईबर क्राइम बाल अधिकार तथा बालबालिका ऐन २०७५ सहितका विषयमा बालबालिकाहरुलाई जानकारी गराईएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# सिराहामा अवैध रुपले संचालीत क्रसर उद्योगहरु बन्द

मुकेश कुमार यादब

सिराहा,२८ पुस । सिराहा जिल्लाभरी नै अवैध रुपमा संचालमा रहेको क्रसरहरु बन्द गराइको छ । गत पुस २० मा गृहमन्त्रालयले जिल्ला प्रशासन कार्यालयलाई मापदण्ड विपरीतका क्रसर उद्योग बन्द गर्न गरिएको परिपत्र अनुसार जिल्लामा बर्षौदेखि नविकरण तथा मापदण्ड विपरित संचालनमा रहेको अवैध क्रसर हरुलाई बन्द गराइएको हो । मन्त्रालयको परिपत्रको पालना गर्दै नियमविपरीत अवैध रुपमा सञ्चालनमा रहेका क्रसर बन्द गरिएको प्रमुख जिल्ला अधिकारी लाल बावु कवाडीले जनाएको छ, । उनले भने' जिल्ला भरीमा रहेका २३ वटा क्रसर उधोग मध्येय करिव ७ वटाको नविकरणको समय अझै वाकिरहेकोहरुले संचालन गर्दै आईरहेको थियो, ।तर , 'आजबाट मापदण्ड विपरित संचालन गर्दे आइरेको र नविकरणको समय बाकिँ रहेकाहरुले संचालनमै राखेको लगायतका सबै क्रसर उधोग,नदिजन्य पदार्थ ढुङ्गा ,गिट्टी वालुवा उत्खनन् ,संकलन,र विक्रि वितरण समेत एक हप्ताकालागी बन्द गरिएको जिल्ला अधिकारी कवाडीले बताए । विहिवार बसेको जिल्ला अनुगमन समितिले 'ढुङ्गा,गिट्टी,र वालुवा उत्खनन्, बिक्रि वितरण तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ र वालुवा गिट्टी उत्खनन्,संकलन,क्रसिङ तथा बिक्रि वितरण र क्रसर उधोग स्थापना वा संचालनलाई व्यवस्थित गर्ने कार्यविधि २०७५ बमोजिम नविकरण भएका तथा संचालनमा रहेका क्रसर उधोग समेत बन्द गर्ने निर्णय गरिएको जिल्ला समन्वय समितिका उपप्रमुख दिलिप कुमार लामाले जनाएको छ। उनले भने ' दर्ता भई नविकरण भएका एमं संचालनमा रहेका उधोगहरुको हकमा समेत हाललाई बन्द गरी /ती उद्योगहरु नियामानुसार संचालन भएको /नभएको सम्बन्धमा स्थलगत अनुगमन पश्चात मात्र आवश्यक निर्णय गरिने बैठकले निर्णय गरेको उपप्रमुख लामाले बताए ।

कर्जन्हा नगरपालिका २ श्री जगदम्वा ढुगां क्रसिङ्ग उघोग, वडहारामाल ४ को जानकी क्रसर उघोग, कमलेश्वरी वालुवा प्रशोधन उद्योग प्रा.लि.कर्जन्हा-७ , संग्रिाला गिटी बालुवा प्रशोधन केन्द्र, सुखिपुर-१० , जय काली ढुंगा क्रसिंग उघोग, वस्तीपुर ९,हिमाल क्रसिड. उघोग, वस्तीपुर ९,माँ संतोषी क्रसिङ्ग उघोग, आसोपुर वलकवा ८,स्वेच्छा वालुवा प्रशोधन उद्योग, धनगढीमाई-९,एस एण्ड सन्स कंक्रिट उद्योग, मिर्चैया-७,कमलामाई क्रसर उद्योग, कर्जन्हा-७, लगायत जिल्ला भरीमा वर्षौदेखि मापदण्ड विपरित अवैध रुपमा सञ्चालित २३ वटा क्रसर उद्योगहरुलाई बन्द गराइएका हुन् ।

# मिर्गौला पीडितलाई आर्थिक सहयोग

मधेशदृष्टि

कमला,२८ पुस । धनुषाको हंसपुर नगरपालिका -७ लौवाखोयर परसाहीका असर्फि नदाफलाई गल्फ सेवा समाज कतारले रु ५१ हजार सहयोग प्रदान गरेको छ ।

मिर्गौला फेल भएका नदाफको उपचारका लागि आर्थिक अभाव भएपछि कतारमा रहेका गल्फ सेवा समाजले आर्थिक सङ्कलन गरी सो रकम पीडितलाई प्रदान गरेको हो ।

गल्फ सेवा समाज कतारले आर्थिक सङ्कलन गरेर रु ५१ हजार पीडितलाई हस्तान्तरण गरिएको समाजका पदाधिकारी जमशेद राइनले जानकारी दिएका छन ।

पीडित नदाफलाई मिर्गौला डायलासिस गर्न आर्थिक क्षमता नभएपछि सहयोगको याचना गर्नु परेको स्थानीयले बताए ।

# कृषि औजार "हलो" लोप हुँदै

विकास अग्रवाल

रौतहट, पुस २८ गते । कृषि कार्यमा प्रयोग हुने हलो लोप हुँदै गएको छ । किसानहरुले गोरु पाल्न छोडेपछि परम्परागत कृषि औजार 'हलो' र त्यसमा प्रयोग हुने अन्य सामाग्री अहिले आधुनिकतासँगै लोप हुन थालेको छ ।

आधुनिक सामाग्रीको सहज उपलब्धता र उच्चतम् प्रयोगले किसानहरुले गोरु पाल्न छोडेपछि हलो र त्यससंग सम्बन्धि अन्य सामाग्रीका नाम जनाउने शब्दहरु लोपहुँदै गएको हो ।

यता कृषिमा भएको यान्त्रिकीकरणले मधेशका किसानले गोरु पाल्न छाडेका छन् । गुजरा नगरपालिकाको भवानीपुरका किसान रामेश्वर चौधरी भन्छन्, झण्डै डेढ दशक यता खेतबारी खनजोत गर्ने काममा ट्याक्टरको व्यापक प्रयोग हुन थालेपछि किसानले गोरु पाल्न छाडेका हुन् । खनजोतको लागि ट्याक्टरमा कल्टिभेटर, बिऊ रोप्नकोलागि सीडर, बाली काट्नको लागि हार्भेस्टर तथा अन्य उपकरण जोडेर महिनौंमा सम्पन्न हुने काम दिनमा र दिनमा सम्पन्न हुने काम केही घण्टामै सम्पन्न हुने भएपछि पुराना कृषि सामाग्री लोप हुँदै गएको उनी बताउँछन् । यसरी परम्परागत कृषि सामाग्री प्रयोगमा नआएपछि अहिलेका पुस्ताले ती सामाग्रीका नाम समेत सुनेका छैनन् ।"

काठबाट निर्मित हलो जसको टुप्पोमा जोत्नको लागि फलामको 'फाली' लगाइन्छ । फाली अड्याउन फलामकै अङ्ग्रेजी 'यू' आकारको 'करुवा' (करुवारी), ठोकिएको हुन्छ । हल गोरुको काँधमा राखेर गोरुलाई सहि दुरीमा हिडाउन काठबाट बनाइएको 'जुवा' प्रयोग गरिन्छ । जुवा र हलोलाई जोड्ने करिब साढे दुईदेखि साढे तीन मिटरलामो काठको सामाग्री 'हरिस' को प्रयोग गरिन्छ ।

गोरुको काँधबाट जुवा नझर्न जुवामा प्वाल पारेर 'सोइला' (सैला) राखी त्यसमा 'जोतारो' (एक डोरी) बाँधिएको हुन्छ । जोतारो गोरुको गर्दनमा बाँधिन्छ । हरिस र जुवालाई अड्याउन 'हल्लुडो' (नारा) को प्रयोग गरिन्छ । हलोलाई बीचभागमा छेडेर हरिस लगाइएको हुन्छ । हलो र हरिसलाई अड्याउन 'ठेँडी' खाँदिन्छ । त्यसैमा जोताई सिधा गर्न तथा गहिरो वा उँचो जोताई गर्न 'अनौ' लगाइएको हुन्छ । हलो जोत्ने हलीले त्यहि अनौ समातेर खेतबारी जोत्न गोरुको प्रयोग गरेका हुन्छन् । यस्तै खेतबारी जोतिसकेपछि सम्याउन र डल्ला फुटाउन प्रयोग गरिने काठका मोटो फल्याक 'हेंगा' को प्रयोग पनि हराएको छ । गोरुका काँधमा राखिएको जुवा र हेंगामा लामो मोटो डोरी बाँधी हेंगामाथि हली बसेर गोरु धपाउँदा सम्मिने र डल्ला फुट्ने हुन्छ ।

चन्द्रपुर नगरपालिकाका कृषि अधिकृत उमेश चौधरी भन्नुहुन्छ, "आधुनिक कृषि सामाग्री प्रयोगमा आउनथालेपछि गोरु पालन र परम्परागत कृषि औजार लोपहुँदै गएको छ । ती सामाग्री प्रयोगमा नआएपछि गाउँघरमा देखिने कुरा पनि भएन र नाम पनि सुनिदैन । परिवार तथा समाजमा त्यस्ता वस्तुको प्रयोग नहुँदा र शिक्षा व्यावहारिक नहुँदा अहिलेका सन्ततीले कृषिसंग सम्बन्धि परम्परागत वस्तुका नाम समेत जान्दैनन् ।"

# निमार्ण सम्पन्न भएको एक दशक बितिसक्दा पनि सञ्चालनमा आएन चन्द्रपुर बसपार्क

विकास अग्रवाल

रौतहट २८ पुस । निर्माण सम्पन्न भएको एक दशक बितिसक्दा पनि चन्द्रपुर बसपार्क सञ्चालनमा नआउँदा राजमार्ग क्षेत्र दुर्घटनाग्रस्त बन्न थालेको छ ।



राजमार्गमा चलाइने यात्रुवाहक बस, मालबाहक सवारीलगायत अन्य सवारीको पार्किङ् जथाभावीरुपले गरिँदा चोकको सडक साँघुरो बन्नगई दुर्घटनाको सम्भावना बढेको हो ।

सदरमुकाम गौरबाट बाहिरिने र भित्रिने बसका लागि स्थानीयको सहयोगमा निर्माण गरिएको चन्द्रपुर-४ टेकान बसपार्कमा बस पार्किङ् नगरी चोकको दायाँबायाँ रोकेर यात्री चढाउने र ओराल्ने कार्यले पनि दुर्घटनाको जोखिम उच्च रहेको जनगुनासो बढेको छ । सडक मिचेरै सडकछेउमा गरिने व्यापार पनि दुर्घटनाको कारक बनेको छ । पूर्व-पश्चिम राजमार्ग र गौर-चन्द्रनिगाहपुर मार्गको चन्द्रनिगाहपुर चोकमा जथाभावी सवारीसाधन पार्किङ्ग हुने गरेको छ ।

स्थानीयतहको निर्वाचन सम्पन्न भएलगतै पूर्व-पश्चिम राजमार्ग र गौर-चन्द्रनिगाहपुर मार्गमा सडक विस्तारको कार्य थालिएको थियो । त्यसले निरन्तरता पाउन नसक्दा व्यापारीले सडक च्यापरेरै व्यापार सञ्चालन गरेका छन् । सडक साँघुरिएको छ । दोहोरो सवारी कुद्ने सडकमा एकोहोरो कुद्न पनि समस्या रहेको बस चालक नै बताउँछन् ।

टेकान बसपार्क सञ्चालनमा आउनसके उक्त सबै समस्या समाधान हुने नगरवासी बताउँछन् । तर पालिकाले बसपार्क सञ्चालानार्थ कुनै चासो नदेखाएको आरोप चन्द्रपुर-४ का समाजसेवी प्रताप लामाको रहेको छ । बन्द रहेको बसपार्क पुनः सञ्चालनमा ल्याउन र 'बस होल्डिङ् सेन्टर' निर्माण गर्न पहलगर्ने भनी पालिका प्रमुख सञ्जय काफ्लेले गरेको प्रतिबद्धता कार्यान्वय हुन नसकेको भन्दै उनले आलोचना समेत खेप्नु परेको छ ।

बाजागाजा, बसको लावालस्कर र तामझामसहित २०६९ सालमा निर्माण सम्पन्न भई उक्त बसपार्क झण्डै १० वर्ष देखि प्रयोगविहीन बनेको छ । जसको कारण चन्द्रपुर चोकमा जथाभावी बस रोकिने गरेको छ । यसरी जथाभावी सवारी रोकिँदा एकातिर दुर्घटनाको सम्भावना अधिक रहँदै आएको छ भने अर्कोतिर सडक साँघुरो भई स्थानीय, पैदलयात्री र व्यापारी समेतलाई ठूलो समस्या परेको छ ।

बसपार्क सञ्चालनमा नआउँदा देखिएको दुरावस्थाको बारेमा इलाका प्रहरी र जिल्ला ट्राफिक प्रहरी कार्यालयले नगरपालिकाको ध्यानाकर्षण गराउँदै आएको छ। रौतहट जिल्ला ट्राफिक प्रमुख बिमला कठायत भन्छन, "बसपार्क सञ्चालनमा आउनसके राजमार्गमा चाप कमभई दुर्घटनाको सम्भावना न्युन हुन्छ । सडक सुधारको लागि स्थानीय निकायमा छलफल गरी सुधारका निर्णय समेत भएको छ । नगरपालिकाले यथाशीघ्र कार्यान्वयन गर्ने आस्वासन दिएको छ ।"

# एकल महिलालाइ गाई प्रदान

घनश्याम बलम्पाकी

सर्लाही, २८ पुस । सर्लाहीको हरिपुर र नवलपुरमा श्रीमानको निधन भइसकेका ५ जना अतिविपन्न महिलालाई एक/एक वटा गाई प्रदान गरिएको छ ।

नेपाल डेभलपमेन्ट सोसाइटीको आर्थिक अनुदानमा स्थानीय समाज विकास केन्द्र हजारबिघाले सहजीकरण गरी श्रीमानको निधन भइसकेका र आर्थिक अवस्था कमजोर रहेका ५ जना महिलालाई दुहुनो गाई प्रदान गरेको हो ।

हरिपुर नगरपालिका ५ मजुर्वाकी सायरा खातुन, जुखन नेशा, खैतुन खातुन, गुल्सन खातुन र लालबन्दी नगरपालिका १ नवलपुरकी रश्मी कार्कीलाई गाई उपलब्ध गराइएको हो । मधेश प्रदेशसभाका सदस्य बिमला अन्सारीबाट ती गाई महिलाहरुलाई प्रदान गरिएको स्थानीय समाज विकास केन्द्र हजारबिघाका सल्लाहकार टेकबहादुर थापा (अर्जुन) ले जानकारी दिए । नेपाल डेभलपमेन्ट सोसाइटीले विपन्न परिवारका लागि चापाकल गाड्ने, सिलाईकटाई मेसिन प्रदान गर्ने, बाख्रा वितरण गर्ने, ठेलागाडा वितरण गर्ने लगायत सामाजिक काम गर्दै आइरहेको छ ।



सम्पादकीय

## हुलाकीमा सुस्सता र समन्वय अभाव

हुलाकी सडक मधेशको मेरुदण्ड मानिन्छ । आवागमन, कृषि, व्यापार, उद्योग र पर्यटनको विकास गरी तराई-मधेशका जनताको जीवनस्तर उकास्ने उद्देश्यसहित नेपाल सरकारले हुलाकी राजमार्गलाई राष्ट्रिय गौरवको आयोजनामा सूचीकृत गरेर काम अगाडि बढाएको हो । लामो समयदेखी चर्चामा रहेपनि आर्थिक वर्ष २०६३/६४ मा सुरु भएर २०७४/०७५ सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको आयोजनाको काम निर्धारित सयम भन्दा ५, ६ वर्ष बितिसक्दा  आधा पनि सम्पन्न हुन सकेको छैन ।  संशोधित कार्यसूची अनुसार आर्थिक वर्ष २०७९/८० सम्ममा यस राजमार्गको निर्माण कार्य सम्पन्न गर्ने भनिएकोमा समय बढाएर २०८२/८३ सम्म सम्पन्न गर्ने भनिएको छ । कामको गति र सरकार निकायबीचको समन्वय अभावका कारण आयोजनाको नाममा समय थप्दै जानुपर्ने वाध्यता छन् । हुलाकी सडक निर्माण आयोजनाले दिएको जानकारी अनुसार पूर्व झापा देखी पश्चिम कंचनपुरसमम पूर्व-पश्चिम र उत्तर-दक्षिण गरी कुल एक हजार ८सय ५७ किलोमिटर सडक निर्माण गर्नुपर्नेमा अहिलेसम्म कुल ९ सय ५० किलोमिटर सडकमा कालोपत्रेको काम सम्पन्न भएको छ । पाँच सय किलोमिटरमा काम भैरहेको आयोजनको कथन छ । आयोजना अन्तर्गत पूर्व-पश्चिम ९सय ४५ किलोमिटर र उत्तर-दक्षिण ९ सय १२ किलोमिटर सडकको कूल लम्बाइ रहेको छ । हुलाकी सडक आयोजना अन्तर्गत सानाठूला गरी कुल २५० वटा पुल निर्माण गर्नुपर्नेमा अहिलेसम्म १३५ वटाको निर्माण सम्पन्न भई सञ्चालनमा आइसकेका छन् भने ६५ वटा पुल निर्माणाधीन छन् । बाँकी ५० वटाको निर्माण ठेक्का लाग्नै बाँकी छ ।

भारत सरकारको सहयोगको आयोजना हुलाकी राजमार्ग निर्माणको गति सुस्त छ । फितलो व्यवस्थापन, ठेकेदारहरुको मनोमानीका कारण काममा ढिलाई भएको छ भने गौरवको आयोजना हुँदाहुँदै पनि सरकारी निकायबीच समन्वय हुनसकेको देखिदैंन । वन र निकुञ्ज क्षेत्रमा सम्बन्धित निकायले काम गर्न अनुमति नदिँदा निर्धारित समयमा काम सम्पन्न हुननसक्ने हुलाकी सडक निर्देशनालयले बताउन थालेको छ ।

निर्देशनालयका प्रमुख धर्मेन्द्र झा सम्बन्धित निकायले काम गर्ने अनुमति नदिँदा आयोजनाको काम अपेक्षित रूपमा अगाडि बढ्न नसकेको बताउँछन् । झाका अनुसार  काम गर्न अनुमति नपाउँदा वन तथा निकुञ्ज क्षेत्रको २५० किलोमिटर क्षेत्रमा काम अगाडि बढाउन सकिएको छैन । जसले गर्दा निर्धारित समयमा आयोजनाको काम सम्पन्न हुने देखिदैंन । उनका अनुसार पर्सा राष्ट्रिय निकुञ्ज, चितवन राष्ट्रिय निकुञ्ज (पूर्वी नवलपरासीसम्म), कपिलवस्तु र दाङ जिल्लामा पर्ने वनजङ्गल क्षेत्र, दाङ र बाँकेमा पर्ने वनजङ्गल क्षेत्र, कैलाली र कञ्चनपुरमा पर्ने शुक्लाफाँटा वन्यजन्तु निकुञ्ज क्षेत्रमा अझै पनि यो राजमार्गको रेखांकन हुनसकेको छैन । अहिलेसम्म यो राजमार्ग निर्माण शीर्षकमा भारत सरकारको छ अर्ब ३५ करोड रुपियाँ अनुदानसहित नेपाल सरकारको ४६ अर्ब २८ करोड रुपियाँ विनियोजन भएको छ र अहिलेसम्म कुल खर्च ५४ अर्ब रुपियाँ रहेको आयोजना प्रमुख झा को भनाई छ । चालू आर्थिक वर्ष २०७९/०८० मा यस आयोजनाका लागि छ अर्ब ७२ करोड रुपियाँ विनियोजन गरिएको छ ।

सरकारले राष्ट्रिय गौरवको योजनामा पारेको आयोजना निर्माणमा बिलम्ब हुनु र सरकारी नियाकबीच समन्वय नहुनु सुखद कुरा होइन ।सम्बन्धित आयोजनाले समन्वय भएन भनेर गुनासो गर्नुभन्दा आयोजनासँग सम्बन्धित सरोकारवालाहरु गंभिर र संवेदनशील हुन आवश्यक छ । आयोजना समयमा सम्पन्न हुननसक्नु भनेको आयोजनाको लागत बढ्नु र आयोजनाले दिने लाभ प्राप्त हुननसक्नु पनि हो ।

# बिआरआईको ऋण लाभ कि अभिशाप ?



– श्रीमन नारायण

पोखरा अनतरराष्ट्रिय विमानस्थलको उदघाटन समारोहमा प्रधानमन्त्री पुष्पकमल दहाल प्रचण्डकै सामु चिनियाँ कार्यवाहक राजदुत वाङ सिनले दिएका अभिव्यक्ति नयाँ सरकार गठन सँगै चिनियाँ सक्रियता बढेको र चिनिया राष्ट्रपति सि चिनपिंगको महत्वकाँक्षी आर्थिक एवं रणनितिक परियोजना बेस्ट एण्ड रोड इनिसिएटिम बिआरआईको बहसलाई पनि चर्चामा ल्याए दिएको छ ।

पोखरा अन्तर राष्ट्रिय विमान स्थलको निर्माणको लागि नेपाल २०७३ सालमा चीनसँग २१ करोड ५९ लाख ६० हजार अमेरिकी डलर (झण्डै २२ अर्ब नपाली रुपैया) ऋण लिएको थियो । त्यतविला नेपाल विधिवत रुपमा बिआआईमा सहभागी नभएको नेपाल सरकारका अधिकारहिरुको दावी रहेको छ ।

वार्षिक २ प्रतिशत ब्याजमा २० वर्षका लागि चिनिया ऋण लिएर विमानस्थलको निर्माण भएको हो । तर चिनिया कार्यवाहक राजदूतले पोखरा अन्तराष्ट्रिय विमानस्थल चीनले नेपालसँगै बेल्ट एण्ड रोडलाई संयुक्त निर्माणका लागि उज्जवल ब्यापारकार्ड बनेको हो भन्ने मन्तव्य दिनुले बिआरआईमा नेपालको सहभागिताको विषयले थप प्रष्टता खोजेको छ । एकातिर नेपाली काँग्रेस, नेकपा एमाले जिम्मेवार नेताहरु तथा नेपालका अधिकारीहरु पनि बिआरआई सम्झौतामा हस्ताक्षर भईसकेको दावी गरिरहेका छन् जवकि चिनिया कार्यवाहक राजदूतको टिप्पणी पछि यसबारे सरकारको अधिकारिक धारण आउनु आवब्यक भएको छ ।

चिनिया कार्यवाहक राजदूतको टिप्पणीले नेपालमा बिआरआईको बहसललाई चर्चामा ल्याईदिएको छ ।

बिआरआइंचिनिया नेता माओत्सेतुअङको निधनपछि उनी भन्दा बढी तथा उनकै समक्षमा उभिने हैसियतका अर्को कोही नेता अस्तित्वमा आएनन ? तर चीनका वर्तमान राष्ट्रपति सी चिनसिंगलाई माओ पछिको होइन कि माओ जतिकै शक्तिशाली चिनियाँ नेता मानिन्छ । लगातार तेस्रो पटक चीनको राष्ट्रपति बन्न उनी सफल भएका छन् । चिनियाँ राष्ट्रपति सि चिनपिंगले अघि सारेका महत्वकाँक्षी आर्थिक परियोजना बेल्ट एण्ड रोड इनिसिएटिभले विश्वमै चर्चा पाएको छ । यस परियोजनामा आवद्ध राष्ट्रहरु चिनियाँ ऋणमा यसरी डुब्न पुगेका छन् कि ती देशहरु मध्ये कतिपय देशको जिडिपीको अधिकाँश रकम नै ऋण चुक्ता गर्न खर्च भइएरहेका छ । यसवाट मुक्ति पाउन ति देशहरु आफनो महत्वपूर्ण बन्दरगाह, विमान स्थल खनिज सम्पदा तथा भुभागसमेत चीनलाई भाडामा दिन अथवा बिक्री गर्न बाध्य भएका छन् ।

चिनियँ राष्ट्रति सिचिनपिंगलेसन २०१३ मा इण्डोनेसियामा जोइन हयान्डस इन बिलडिङ चाइना, आसियान कम्युनिटी अफ सेयर्ड डेस्टिनी विषयमा सम्बोधन गर्दै पहिलो पटक एक्काईसौ शताब्दिको सामुद्रिक सिल्क रोड पहलबारे खुलासा गरेका थिए । यस पहलमा छ वटा भुमि कोरिडोर र एक समुद्री रेशममार्ग छ । विश्वको ७० प्रतिशत जनसंऋया र चीनको ८ ट्रिलियन अमेरिकी डलर बराबरको लगानी रहेको यस भव्य चिनियाँ परियोजनामा १ सय भन्दा बढी देशहरुले हस्ताक्षर गरिसकेका छन् । बिआरआई चीनले भुमिमा आधारित सिल्क रोड इकनोमिक बेल्ट र एसआर ईबी र समुद्रमा जाने समुद्री सिल्करोड एमएसआर मार्फत कनेकिरभिटी र व्यपार सन्चालन बढाउन युरेसियन(युरोपर एसिया) देशहरुलाई प्रस्ताव गरेको उसको आर्थिक विकास रणनीती हो ।

उद्देश्यआर्थिक मामिलाका विज्ञहरुका अनुसार पश्चिम देशहरुमा आर्थिक मन्दीबाट चीन पनि मुक्त रहनसकेको छैन । यसको अर्थव्यवस्थामा आएको क्षति पूर्तिको जिम्मा पश्चिमी देशहरुमाथिको निर्भरता कमगर्न तथा आफनो सानो ठूलो उत्पादलाई विश्वसामु पुऱ्याउने लक्ष्य राखि चीनले यस परियोजनालाई अघि सारेको छ । खासगरी एसिया, युरेसिया र अफ्रीकाका पिछडिएका तथा विकासोन्मुख राष्ट्रहरुतिर चीनले आफनो नजर गडाएको छ । आर्थिक प्रतिवेदन अनुसार आर्थिक वृद्धिमा आएको कमी र भारी मात्राको ऋणका कारण आर्थिक प्रगतिको दौडमा अगामी दिनहरुमा चीन पहिले जस्तै फूर्तिलो नरहन पनि सक्दछ । कोभीड-१९ को महामारी पश्चात यसका लक्षणहरु पनि देख्न थालेका हुन र यसको आर्थिक बृद्धिदर कम हुदैगएको छ । चुनोतिपूर्ण आर्थिक सुधारले मात्रै चीनलाई आर्थिक वृद्धिको पुरानो गति र लाभमा फर्काउन सक्छ तर कडा आीर्थक सुधारलाई वर्तमान चिनियाँ समाजले सजिलै स्वीकार गर्न नसक्ने प्रष्ट छ । शायद त्यही भएर होला चीन आफनो उत्पादनका लागि आर्थिक रुपले कमजोर देशहरुमा बजार खोजिरहेको छ । एसिया पुर्वी यूरोप र अफ्रिकी देशहरुमा सस्तो उत्पादन बढी मात्रामा खपत हुनेगर्दछ । अविकसित एवं गरीब देशहरुमा उत्पादन गुणस्तर भन्दा बढी सस्तो मूल्यलाई प्राथमिक्ता दिने गरिन्छ । चीनले यस्ता खाले एकसय जति देशहरुलाई बेल्ट एफ रोड यूनिसिएटिभमार्फत आकर्षित गरिरहेको छ, गरेको छ । सडकमार्ग तथा यातायातको विकास गरेर यी देशहरुमा आफनो उत्पादन

> “ अनुसन्धानकर्ता एवं विज्ञहरुका अनुसार चीनले दिने गरेको ऋणका कारण ती देशहरुको आर्थिक समृद्धिमा निकै प्रतिकुल प्रभाव परिरहेको छ। किनभने विश्व बैंक, अन्तरराष्ट्रिय मुद्राकोष, एसियाली विकास बैंक लगायत अन्तर राष्ट्रिय दाता एवं मित्र राष्ट्रहरुले ऋण सम्बन्धि उच्च नीतिको पालन गर्दै आएको छ। उनीहरु ०.०१ देखि ०.५ प्रतिशत सम्म व्याज दरमा ऋण दिने गर्दछन । जवकि चिनको व्यजदर २ देखि ५ प्रतिशत सम्म हुन्छ।

सजिलै पुऱ्याउने तथा ती देशहरुलाई चिनियाँ ऋणको प्रभावमा पारी आफनो पक्षमा सधै उभिरहन बाध्य पार्न सक्छ । चिनमा उत्पादित वस्तुको सहज रुपमा निर्यात गर्न अन्य देशका बन्दरगाहहरु र हवाईअड्डामा आफनो प्रभाव महत्वपूर्ण रुपमा स्थापित गर्न तथा आफनो रणनीकिक स्वार्थपूर्ति  गर्न यसले कूटनितिक सम्बन्ध पनि विस्तार गर्न थालेको छ । यस्ता देशहरुको प्राकृतिक सम्पदा माथि आफनो वयवस्था कायम गर्न र चिनिया मुदालाई विश्व व्यापीरुपमा प्रचलनमा ल्याउन र अन्य शक्ति राष्ट्रकै तुलनामा बढी फाईदा लिने उदेश्यले नै यो बिआरआई परियोजनालाई अघि सारिएको हो ।

ति राष्ट्रहरुको बन्दगाह र हवाइअडामा आफनो प्रभाव बढाउन चीन आर्थिक लगानीलाई अस्त्र बनाएको छ । चिनियाँ राष्ट्रपतिको यस महत्वकाँक्षी परियोजनाको भित्री आशय चीनलाई विश्वकै व्यापारिक अगुवा बनाउनु , विकासोन्मुख तथा कमजोर देशलाई आफनो प्रभावमा राख्ने तथा विश्वशीक्त बन्नु हो ।

जाल कसरी? बिआरआई अन्तरगतको ऋणलाई जालको संज्ञा यसकारण दिईएको छ कि यस अन्तरगत लिईएका ऋणबाट उम्कन संभव भईरहेका हुदैन । कुनै पनि ऋण त्यतिबेला मात्रै जालमा परिणत हुनपुग्दछ जब ऋण लिनेले कबोल गरे अनुसारको समयमा मूलधन चुक्ता गर्न सकिरहेको अवस्था मा नै हुदैन र व्याज तिर्नमा समेत समस्या भईरहेको हुन्छ । ऋण लिनु ठूलो कुरा होइन तर जुन परियोजनाको लागि ऋण लिईएको हो , त्यस परियोजनाको आयबाट आफनो देशको अर्थव्यस्थालाई बलियो पारी समयमै ऋण चुक्ता गर्ने अवस्था हुनुपर्छ तर बिआरआई अन्तरगत ऋण लिएका देशहरु मध्ये कसैले पनि त्यसको ऋण चुक्ता गर्न सकेको उदाहरण छैन ।

तानाशाह एवं क्रुर शासकहरुको भरपार्दे मित्र बन्ने कलामा चीनले ख्याति नै प्राप्त गरेको छ । जुन देशले समयमै ऋण चुक्ता गर्न स्क्दैन जोसित पूँजीको कुनै ठोस स्रोत हुदैन, रणनीतिका साझेदारीको निम्ति विकल्प खोजीरहेको हुन्छ, भ्रस्टाचार तथा मानवधिकार उलंघनको घटना कारण विश्वका अधिकांश देशवाट बहिस्कृत एवं तिरस्कृत भईसकेको हुन्छ , त्यस्ता देशहरुसित मित्रता कायम गर्नमा चीनलाई कहिल्यै समस्या भएन । भारतप्रति आंशकित दक्षिण एसियाका देश, अमेरिकाप्रति आशंकित त्यसका छिमेकी देश, रुसको छाँयाबाट पनि टाढा बस्न चाहने मध्य एशियाका देश तथा ब्रसेलसद्धारा उपेक्षित यूरोपका एवं पूवी क्षेत्रका देशहरुसित सुमधुर सम्बन्ध कायम गर्न चीन अग्रपंक्तिमा रहैदै आएको छ । चीनसित पैसाको आभाव छैन र आफनो पैसालाई फिर्ता  गर्न नसक्ने देशहरुमा लगानी तयार हुन्छ । यथार्थमा बिआरआई एउटा यस्तो हतियार हो जसले चीनलाई तेस्रो दुनियाका देशहरुको शासक मालिक बनाउन सक्दछ ।

बेईजिगले कुर्न पनि देशमा आफनो प्रभाव बढाउन उसले प्रदान गर्ने ऋण तथा ठेक्का निकै अपारदर्शी हुने गर्दछ । ऋण लिने देशलाई हानी पुऱ्याउने गरी ऋण प्रदान गर्ने गरिनछ । यसले गर्दा सम्झौतागर्ने देश शासक तथा नेताहरुलाई भ्रष्टाचार गर्न सजिलो हुन्छ । तर विस्तार विस्तार यसले त्यस देशको स्वाभिमान, स्वावलम्बन तथा सार्वभौमिकतामाथि चोट पुऱ्याइएरहेको हुन्छ । चीनको ऋण निति पनि आकर्षक एवं लोभलाग्दो खालको हुन्छ कि कुनै पनि देश यसको ऋणको जालोमा फस्नबाट आफूलाई रोक्न सक्दैन ।


बिआरआई अन्तरगत विकसित हुने परियोजना निर्माण चिनियाँ कम्पनीले नै गर्ने गर्दछ । त्यसको ठेकेदार र प्रविधिक तथा अधिकाँश मजदूर पनि चिनियाँ नै हुने गर्दछन् । जवकि चीनवाट आएको ऋणको भुक्तानीको जिम्मेवारी भने ऋण लिने देशको हुने गर्दछ । नवनिर्मित पूर्वाधारको स्वामित्व पनि अधिकांश ठाँउमा चीनकै हुने गरेको छ । अनुसन्धानकर्ता एवं विज्ञहरुका अनुसार चीनले दिने गरेको ऋणका कारण ती देशहरुको आर्थिक समृद्धिमा निकै प्रतिकुल प्रभाव परिरहेको छ ।

किनभने विश्व बैंक, अन्तरराष्ट्रिय मुद्राकोष, एसियाली विकास बैंक लगायत अन्तर राष्ट्रिय दाता एवं मित्र राष्ट्रहरुले ऋण सम्बन्धि उच्च नीतिको पालन गर्दै आएको छ । उनीहरु ०.०१ द्येखि ०.५ प्रतिशत सम्म व्याज दरमा ऋण दिने गर्दछन । जवकि चिनको व्यजदर २ देखि ५ प्रतिशत सम्म हुन्छ । चीनले भने ऋण सम्बन्धी यस नीतीको कहिलै पालन गरेन । चिनीया ऋणमा डुब्ने देश कहिल्यै ऋणवाट मुक्त हुन सक्दैन । पाकिस्तानका पूर्व प्रधानमन्त्री इमरान खानले सिपेक परियोजनामा चीनवाट लिईएको ऋणबारे आफूलाई केही पनि थाहा नभएको बताएका थिए । उच्चव्याजादरमा चिनिया ऋण स्वीकार गर्ने नेता अथवा शासकहरु पनि आफनो देशलाई ऋणको जालमा पार्न त्यति नै जिम्मेवार रहेको काउन्सिलफर पब्लिक पौलीसी श्रींलंकाका विज्ञ हरिम वाटसन पेइरिसको भनाई छ । त्यसैगरि सेन्टर फर पौलिसी डायलग बंगलादेशका तौफिकूइस्लाम पनि बिआरआई अन्तरगत प्रदान गरिने ऋणको ब्याजदर चर्को हुने गरेको तथा ऋण चुक्ता गर्ने अवधि कम हुने गरेका कारण विकासोन्मुख राष्ट्रहरुलाई अथवा अल्पविकसित राष्ट्रहरुलाई उसको ऋण चुक्ता गर्न सम्भव भईरहेको हुदैन तसर्थ ऋण काढने बेलामा नै सतर्कता अपनाउनुपर्ने सुझाव दिन्छ ।

आर्थिक तथा वित्तिय सहायता दिन वा सहुलियत दरमा ऋण प्रदान गर्नु भन्दा चीन परियोजनामा आधारित सहायता बजारमा ब्जयपक रुपमा प्रवाहितगर्दै आएको छ । श्रीलंकाका अतिरिक्त काजिकस्तान, अफगानिस्तान, तुर्कमेनिस्तान र उजवेकिस्तान जस्ता पूर्व सोभियत संघका देशहरु जिबुटी , लाओस, मलेसिया, मालदिप्स मोन्टेनगडो र अंगोला पनि चिनिया ऋण चुक्ता गर्न नसकी आ-आफनो बन्दरगाह, अवाई अड्डा , टापु, रेलवे, खनिजका खानी र राजमार्ग पनि ९९ वर्षका लार्गा चीन समक्ष सुम्पिनु परेको हो । कुनै जमानामा अंगेजहरु आफनो साम्राज्यलाई विस्तार गर्ने क्रममा कुनै देशलाई ९९वर्षको निम्ति आफनो अधिनमा गर्ने गर्दथे अचेल साम्राज्यवाद, विस्तारवाद र पुँजीवादको विरोध गर्ने कम्युनिस्ट देशले ९९ वर्षका लागि कुनै देशको महत्वपुर्ण प्रतिस्ठान आफनो नियन्त्रणमा राखिरहेको छ ।

पोखरा अन्तरराष्ट्रिय विमान स्थलको निर्माण पनि बिआरआई अन्तरगत कै २२ अर्ब चिनिया ऋणमा नै भएको चिनको दावी छ । यसको व्याजदर २ प्रतिशत रहने छ । केरुङ-काठमाण्डौ रेलमार्गको निर्माणमा पनि ५.५ अर्ब डलर ऋण लिनुपर्ने हुन्छ । त्यो पनि बिआरआई अन्तरगत नै पर्छ । हामीले चिनवाट ऋण लिएर बिआरआई अन्तरगर्तको परियोजना संचालन गर्नु भन्दा अनुदानमा यसको निमार्णका लागि चिनलाई आग्रह गर्नु पर्छ ।

# राष्ट्रिय सांस्कृतिक एकताको पर्वः मकर संक्राति



– उदय कुमार यादव
जनकपुरधाम

वास्तवमा यदि भन्नु हो भने,राष्ट्रिय यस्तरमा नै व्यापक रुपमा मनाईने यस पर्वको महिमा अपार रहेको देखिन्छ ।यो पर्व कुनै खास जाति वा समुदायले मात्र नमनाई, नेपालको लगभग संम्पूणै जातजाति वा समुदायले मनाउने माघे संक्राति,मकर संक्रातिमाघे तथा तीला संक्राईत आदि नामले प्रख्यात नेपालका प्रमुख चांडहरु मध्ये एक हुन,जुन माघको पहिलो दिन नेपाल भरि सार्वजनिक विदाकासाथ राष्ट्रिय सांस्कृतिक एकताको प्रतिक झै राष्टव्यापी रुपमा मनाईन्छ । यसको पछाडि कुनै प्रकारको रुढीवादी,अन्धविश्वास तथा केवल परम्पराबादी सोंच पनि नरहेको कुरा यसका धार्मिक अध्यात्मिक तथा वैज्ञानिक दृष्टिकोणले सावित गर्दछ।

ज्योतिषशाास्त्र तथा खगोलिय दृष्किोण र सौर्य तिथिको हिसाबले सूर्य माघे संक्रातिदेखि धनुराषिबाट मकर राषिमा प्रवेश गर्दै उत्तरायण हुनाले यसलाई मकर संक्रातिभनेर पुजिन्५।समान्यतया सूर्यले सबै राषिलाई प्रभावित गरेतापनि सूर्यको कर्कट राशि(साउन संक्राति) र मकर राशि(माघे संक्राति)  प्रवेशलाई धार्मिक दृष्लि धैरे महत्वपूर्ण मानिन्छ ।मकर संक्राति   देखि सूर्य दक्षिणी गोलाद्धबाट उत्तरी गोलाद्धतर्फ प्रवेशगर्दा दिन लामो तर रात छोटो हुने मान्यता रहिआएको छ ।यसपर्वमा संपूंर्ण नेपाली श्रर्दालु भक्तजनहले विभिन्न पवित्र नदी,सागर तलाउ त्रिवेणी आदिमा स्नान गरी मठमन्दिर तथा आफ्ना गृहमा पनि विधीवत् पुजागरी घिउ,चाकु,तिलको लड्डु र तरुल खाई,देवघाट ,ब्राहक्षेत्र,रिडी पनौती,दोलखा,कन्काई तथा भारतका प्रयाग गंगासागर लगायत नदी ताल तलैयामा स्नान,दान तथा श्राद्ध आदिको ठूलो भेला र भिड देखिन्छ।

भविष्य पुराण,विष्णु वचन,तथा धर्मसिन्धु नामक ग्रन्थमा,यसैदिन स्नानगरी घिउ,चाकु तिलको लड्डु ,सागपात,तरुल,वस्त्र पानिको भांडा र मकल सहितको सिदा दान गरेमा विशेष फल प्राप्त हुने साथै उक्त खाद्यपदार्थ आफूले पनि ग्रहण गरेमा शरिर पोषिलो हुनुका साथै निरोगी पनि भईन्छ भन्ने उल्लेख छ । मीठोमीठो खाने राम्रो लुगा लगाई भलो मात्र सुन्ने भने पर्वको मान्यता रहेको छ ।यसदिन गुरुपुरोहित र ब्राहमण आ.आफ्ना यजमानकहां गएर महिमा सुनाए बापत तिनले यिनलाई पनि सिदा दानगरी टिका पनि लगाईदिने चलन रहेको छ । मगर समुदायले आफ्ना विवाहित छोरीलाई अतिथिको रुपमा बोलाई पुजागर्ने त्यस्तै मद्येशी समुदायले विवाहित छोरीलाई तिल,चिउरा तथा मुरहीको लाई लगायत सिंगारका सामग्री कोसेली स्वरुप छोरीको घरमा पठाउने चलन रहेको छ । यसदिन कम्बल घिउ आदि दान गरेमा मोक्ष प्राप्त हुन्छ । ईच्छामृत्यु वरदान पाइन्छ भनिन्छ । भिष्मले यसैदिन मृत्यु रोजेका थिए। पिता भक्त भागिरथले यसैदिन आफ्नो भक्तिले गंगालाई पृथ्वीमा अवतरण गराई सागरमा मिलाएका थिए।यसर्थ यसदिनको गंगा स्नानलाई महास्नान भनिएको हो। विशेषगरी यसैदिन घिउको खिचरी सूर्य भगवानलाई अर्पितगरि प्रसादको रुपमा ग्रहण गरिन्छ ।किसानले यसैदिन अन्न अनाज भित्र्याउने गर्दछन भने,  मधेशमा हलोगोरु को पुजागरि मनाउने हरखरा अचेल विलोप हुंदै गएको देखिन्छ । थारु समुदायले माघी भनी यसपर्वलाई नयाँ वर्षको रुपमा मनाउने गर्दछन् ।तराइतिर तिल,मिठा (गुड), चामल र दही चिउरा पनि सूर्यदेवलाई चढाउनाले यसलाई तिला संकराईत भनिन्छ ।यो सप्ताव्यापि मनाउनाले देशभरि ठाउँठाउँमा मेला पनि लाग्ने गर्दछ।

नया ंवर्षको साथसाथै यसपर्वले नयाँ ंविहानीको शुरुवात गर्नाले,तनमन र धनले आफनो आत्मा पनि पवित्र भई हामीसबै नेपाली दाजुभाई वहिनी तथा आमा बुवा समान समेतलाई यसर्वले हामीमा सकारात्मक सोंच,परोपकार,सद् विचार,सद्भावना,तथा  सदीच्छाको विकास पनि गर्दै जाओस भने शुभकामनाकासाथ आफ्नो  विचार राखेको छु ।

# वाणिज्य बैंकमा "बिग मर्जर" बहार, आठ बैंक गाभिए

काठमाडौँ, २८ पुस
आर्थिक वर्ष २०७२/७३ को मौद्रिक नीति सार्वजनिक गर्दै नेपाल राष्ट्र बैंकका तत्कालीन गर्भनर डा चिरञ्जीवि नेपालले वाणिज्य बैंकहरुको चुक्ता पुँजी आठ अर्ब पुऱ्याउने पर्ने व्यवस्था गर्नुभयो । यसका लागि २०७४ असार मसान्तसम्मको समय दिइएको थियो ।




चुक्ता पुँजी वृद्धिको उद्देश्य थियो वाणिज्य बैंकको संख्या घटाउनु । तत्कालीन समयमा लिइएको उक्त नीतिले अहिले आएर बल्ल सार्थकता पाएको छ । यसबीच केही वाणिज्य बैंकहरु मर्जर भए पनि पछिल्लो पटक भएको मर्जरको लहरले 'बिग मर्जर'को तत्कालीन उद्देश्य पूरा भएको अनुभुत हुने गरी वाणिज्य बैंकको संख्या घटेको हो ।

पुस महिनामा मात्रै आठवटा वाणिज्य बैंक एकापसमा गाभिएका छन् भने थप दुई वाणिज्ज बैंक मर्जरको चरणमा छन् । नेपाल इन्भेष्टमेण्ट बैंक र मेगा बैंक नेपाल लिमिटेड एकापसमा गाभिनका लागि बुधबार आयोजित कार्यक्रममा अध्यक्ष पृथ्वीबहादुर पाँडेले व्यक्त गरेको धारणाले पनि सरकारको नीति कार्यान्वयनमा वाणिज्य बैंकहरू लागिपरेको स्पष्ट बुझ्न सकिन्छ ।

उनले बैंक तथा वित्तीय संस्था सबल बन्दा वित्तीय क्षेत्रमा थप ऊर्जा प्रदान गर्नुका साथै राष्ट्र बैंकको मर्जर नीतिलाई थप उत्साह प्रदान गरी अन्य बैंकलाई समेत मर्जरका लागि प्रेरित गरेको बताएका थिए ।

दुई बैंकबीच सेयर स्वाप अनुपात १००:९० छ । एकापसमा गाभिएपछि बनेको नयाँ बैंकको अध्यक्षमा साविक इन्भेष्टमेन्ट बैंककै अध्यक्ष पाँडे र प्रमुख कार्यकारी अधिकृतमा ज्योतिप्रकाश पाण्डे रहेका छन ।

नयाँ सञ्चालक समितिमा दुवै बैंकको सञ्चालकको प्रतिनिधित्व रहने गरी इन्भेष्टमेन्टको तर्फबाट प्रजन्य राजभण्डारी, कविकुमार टिबडेवाला र मेगाको तर्फबाट गोपाल खनाल, मदनकुमार आचार्य र मुक्तिराम पाण्डे रहेका छन । साविक इन्भेष्टमेन्ट बैंकमा स्वतन्त्र सञ्चालकका रूपमा रहेका मञ्जु बस्नेत नै अब बन्ने सञ्चालक समितिमा पनि स्वतन्त्र सञ्चालक रहेका छन ।

मर्जरपश्चात् बैंकको कुल चुक्ता पुँजी रु ३४ अर्ब १२ करोड, कुल पुँजी रु ५८ अर्बभन्दा बढी र कुल सम्पत्ति रु चार खर्ब ७१ अर्ब रहेको छ । त्यसैगरी कुल निक्षेप ३६० दशमलव दुई अर्ब तथा कर्जा लगानी ३२९ दशमलव ०६ अर्ब पुगेको छ । कुल ३० लाख ग्राहकलाई सेवा प्रदान गर्दै नेपाल इन्भेष्टमेन्ट मेगा देशकै ठूला वाणिज्य बैंकमध्येको अग्रणी बैंक बनेको छ । अध्यक्ष पाँडेका अनुसार बैंकले कुल जनसङ्ख्याको १० प्रतिशत नागरिकलाई सेवा प्रदान गर्दै आएको छ ।

पुस मसान्तभित्र मर्जरमा नजाँदा राष्ट्र बैंकले दिने सुविधाबाट बञ्चित हुने भएपछि बैंकहरू हतार-हतार मर्ज भएर एकीकृत कारोबार सुरु गरेका हुन् ।

आठ वाणिज्य बैंक मर्ज भएर एकीकृत कारोबारसमेत सुरु गरिसकेका छन् । पुस महिनामा कुमारी र एनसिसी, ग्लोबल आइएमई र बैंक अफ काठमाण्डू (बिओके), प्रभु र सेन्चुरी बैंक तथा नेपाल इन्भेष्टमेन्ट र मेगा बैंक एकापसमा गाभिएर एकीकृत कारोबार सुरु गरिसकेका छन् ।

कुमारी बैंक र नेपाल क्रेडिट एण्ड कमर्श (एनसिसी) बैंक मर्जरपश्चात गत पुस १६ देखि कुमारी बैंकको नामबाट एकीकृत कारोबार सुरु भइसकेको छ । दुई बैंक १:१ शेयर अनुपातमा मर्जर भएका हुन् । एकीकृत कारोबारपश्चात् चुक्ता पुँजी रु २६ अर्ब २३ करोड, कुल निक्षेप रु तीन खर्ब २ अर्ब र कर्जा रु दुई खर्ब ८० अर्ब पुगेको छ । मर्जरपश्चात् शाखा सङ्ख्या तीन सय छ, एटिएम सङ्ख्या तीन सय ४४, एक्स्टेन्सन काउन्टर ४७ वटा र शाखारहित शाखा ६२ वटा पुगेका छन् ।

अमिरप्रताप राणाको अध्यक्षतामा चन्द्र बाँस्तोला, इमानसिङ लामा, कृष्णप्रसाद ज्ञवाली र महेश पोखरेल सञ्चालक समिति सदस्य रहेका छन । नेपालमा 'बिग मर्जर'मा बहार ल्याउने बैंकका रूपमा ग्लोबल आइएमई बैंक अग्रस्थानमा छ । बैंकले पछिल्लोपटक बैंक अफ काठमाण्डूलाई गाभेको छ । यही पुस २५ देखि ग्लोबल आइएमई बैंक लिमिटेडको नामबाट एकीकृत कारोबार सुरु गरेको छ ।

ग्लोबल आइएमई बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकालको अध्यक्षतामा कृष्णप्रसाद शर्मा, देवेन्द्रप्रताप शाह, क्याविनेट श्रेष्ठ, रामबहादुर भण्डारी, राधेश पन्त र मदनलाल जोशी सञ्चालक समिति सदस्य बनेका छन ।

मर्जरपश्चात् बैंकको चुक्ता पुँजी रु ३५ अर्ब ७७ करोड पुगेको छ । यस आधारमा पनि यो बैंक सबैभन्दा ठूलो भएको छ । एकीकृत कारोबारपछि बैंकको कुल पुँजीकोष रु ५७ अर्ब पुगेको छ । निक्षेप सङ्कलन रु चार खर्ब १० अर्ब, कर्जा प्रवाह रु चार खर्ब र कुल सम्पत्ति रु पाँच खर्ब पुगेको छ । बैंकले सबै जिल्लामा शाखा सञ्जाल पुऱ्याएको छ ।

हाल ग्लोबल आइएमई बैंकका देशभर एक हजार एक सय शाखा तथा तीन वटा वैदेशिक सम्पर्क कार्यालय छन् । दक्षिण कोरियामा नेपाली बैंकको पहिलो वैदेशिक शाखा सञ्चालनको अन्तिम तयारीमा पनि ग्लोबल आइएमई बैंक छ । बैंकमा हाल ४० लाखभन्दा बढी ग्राहक छन् भने चार हजारभन्दा बढी कर्मचारी कार्यरत छन् ।

बैंकका अध्यक्ष ढकाल बैंक तथा वित्तीय क्षेत्रमा रचनात्मक र गुणात्मक परिवर्तन ल्याउन सकियोस् भन्ने उद्देश्य हालसम्म विभिन्न २१ वटा बैंक तथा वित्तीय संस्थालाई मर्जर र प्राप्ति गरेर ग्लोबल आइएमई देशको सबैभन्दा ठूलो बैंक बन्न सफल भएको बताउछन् ।

उनले भने ,"हालसम्म पाँच वाणिज्य, १० वटा विकास बैंक र छवटा फाइनान्स गरेर २१ संस्था गाभिएर यो संस्था बनेको हो । ग्लोबल बैंक अहिले पुँजी, निक्षेप, कर्जा र शाखा सञ्जालमा अधिकांश वित्तीय सूचकमा नेपालको पहिलो बैंक भएको छ ।"

त्यस्तै प्रभु र सेञ्चुरी बैंक मर्ज भएर यही पुस २६ गतेदेखि प्रभु बैंकको नामबाट एकीकृत कारोबार सुरु भएको छ । प्रभु बैंक र सेञ्चुरी बैंकबीच एक बराबर एक सेयर रहने गरी एकापसमा गाभिएका हुन् । मर्जरपश्चात् बैंकको चुक्ता पुँजी रु २३ अर्ब ५२ करोड पुगेको छ ।

एकीकृत कारोबारपछि प्रभु बैंकको कुल सम्पत्ति रु तीन खर्ब ४० अर्ब, चुक्ता पुँजी रु २२ अर्ब, कुल निक्षेप रु दुई खर्ब ८४ अर्ब र कुल कर्जा प्रवाह रु दुई खर्ब ५३ अर्ब पुगेको छ । त्यस्तै ग्राहक सङ्ख्या ३० लाखभन्दा बढी, शाखा सञ्जाल तीन सय ६५, एटिएम सञ्जाल तीन सय नौ र एक्सटेन्सन काउन्टर ७२ वटा पुगेको बैंकले जनाएको छ ।

एकीकृत कारोबार सुरु भएसँगै साविक सेञ्चुरी कमर्सियल बैंकमा खाता रहेका ग्राहकको १२ अङ्कको खाता नम्बर परिवर्तन भई १६ अङ्कको खाता नम्बर बनेको पनि प्रभु बैंकले जनाएको छ ।

प्रभु बैंकबाट चार जना र सेञ्चुरी बैंकबाट तीन जना गरी कुल सात सदस्यीय सञ्चालक समिति बनेको छ । प्रभु बैंकका अध्यक्ष लीलाप्रकाश सिटौलाको अध्यक्षतामा रमेशसिंह खड्का, शङ्करप्रसाद कालिकोटा, रामेश्वर सापकोटा, मनबहादुर राई, अभिषेक बज्राचार्य र गीता प्रधान सञ्चालक समिति सदस्य रहेका छन ।यसैगरी लक्ष्मी बैंक र सनराइज बैंकले पनि मर्जरका लागि सम्झौता गरेका छन् । मर्जरका लागि दुबै बैंकबाट दुई-दुई जनाको मर्जर समिति बनाइएको छ । मर्जरपछिको नाम लक्ष्मी सनराइज हुने सहमति भएको छ ।

दुबै बैंकले प्रकाशित गरेको वित्तीय विवरण अनुसार लक्ष्मइ बैंकको चुक्ता पुँजी रू ११ अर्ब ५५ छ भने सनराइज बैंकको रू १० अर्ब ११ करोड छ ।रासस

# नेप्से परिसूचकमा उच्च अङ्कको गिरावट



काठमाडौँ, २८ पुस
धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक विहिवार उच्च अङ्कले ओरालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार शेयर कारोबार हुने साताको अन्तिम दिन विहिवार नेप्से परिसूचक ४१ दशमलब शून्य दुई अङ्कले ओरालो लागेर दुई हजार एक सय ४९ दशमलब ४१ मा सीमित भएको छ ।

यस्तै, ठूला कम्पनीको शेयर कारोबारमापन गर्ने सेन्सेटिभ परिसूचक सात दशमलब ८९ अङ्कले ओरालो लागेर चार सय ११ दशमलब २५ मा सीमित भएको छ । कारोबार भएका कूल १३ उपसमूहमध्ये १२ उपसमूहको शेयर मूल्यमा गिरावट आएको छ भने एक उपसमूहको शेयर मूल्यमा वृद्धि भएको छ ।कारोबार भएकामध्ये २१ कम्पनीको शेयर मूल्यमा वृद्धि भएको छ । यस्तै, एक सय ८४ कम्पनीको शेयर मूल्यमा गिरावट आउँदा एक कम्पनीको शेयर मूल्यमा कुनै परिवर्तन भएको छैन । कूल एक करोड ४४ लाख ८२ हजार नौ सय ५९ कित्ता शेयर रु पाँच अर्ब ४७ करोड ७६ लाख २४ हजार सात सय २४ मूल्यमा खरिद बिक्री भए । विहिवारको कारोबारपछि बजार पूँजीकरण रु ३१ खर्ब तीन अर्ब १५ करोड ६९ लाख ४७ हजार छ सय २५ बराबर रहेको छ ।

नेप्सेका अनुसार कारोबारका आधारमा शिवम् सिमेन्ट शीर्ष स्थानमा छ । सो कम्पनीको २२ करोड २० लाख १२ हजार एक सय ३१ बराबरको कारोबार भयो । रिडी पावर कम्पनी रु १७ करोड ८३ लाख १० हजार आठ सय २२, डादी पावर कम्पनी रु १६ करोड ९४ लाख २० हजार छ सय ७०, अपि पावर कम्पनी रु १४ करोड चार लाख ४५ हजार आठ सय र माथिल्लो तामाकोसी जलविद्युत् कम्पनी रु १२ करोड ८४ लाख ९९ हजार नौ सय २३ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भए । नेप्सेका अनुसार कुमारी धनवृद्धि योजना, सिङ्गटी हाइड्रो इनर्जी र बाराही हाइड्रोपावरको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ ।

त्यस्तै, एनआइबीएल समृद्धि फण्ड दोस्रो नौ दशमलब ३० र मध्य भोटेकोसी जलविद्युत् कम्पनीका लगानीकर्ताले सात दशमलब ६१ प्रतिशतले कमाउका छन् ।

त्यस्तै, गुराँस लघुवित्त नौ दशमलब १८, कालिका पावर कम्पनी आठ दशमलब ४८, बलेफी हाइड्रोपावर सात दशमलब ४४, स्वाभिमान लघुवित्त सात दशमलब ३१ र खप्तड लघुवित्तको शेयर मूल्य सात दशमलब ३० प्रतिशतले घटेको छ । रासस

# नेपाल राष्ट्र बैंकको सञ्चालक समितिमा सचिव रायको शपथ




काठमाडौँ, २८ पुस
अर्थ मन्त्रालयका सचिव तोयम रायले कायममुकायम प्रधानन्यायाधीश हरिकृष्ण कार्कीसमक्ष नेपाल राष्ट्र बैंक सञ्चालक समिति सदस्यका रूपमा शपथ लिएका छन ।

सर्वोच्च अदालतमा विहिवार आयोजित कार्यक्रममा कायममुकायम प्रधानन्यायाधीश कार्कीले उहाँलाई पद तथा गोपनीयताको शपथ गराएका हुन । नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १४ मा अर्थ मन्त्रालयका सचिव उक्त बैंक सञ्चालक समितिको सदस्य रहने व्यवस्था छ ।

सोही ऐनको दफा १०८ (१) मा बैंकका सञ्चालकले सर्वोच्च अदालतको प्रधानन्यायाधीश वा निजले तोकेको न्यायाधीशसमक्ष शपथ लिनुपर्ने व्यवस्था छ ।

शपथग्रहण कार्यक्रममा सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार लालबहादुर कुँवर, रजिष्ट्रारद्वय नारायणप्रसाद पन्थी र निर्मला पौडेल, सहरजिष्ट्रार नारायणप्रसाद रेग्मी, नेपाल राष्ट्र बैंकका निर्देशक एवं सञ्चालक समितिका सचिव मुक्तिनाथ सापकोटालगायत अधिकारीको उपस्थिति थियो ।

रासस

# ब्याजदर घटाउँदै वाणिज्य बैंक




काठमाडौँ, २८ पुस
वाणिज्य बैंकहरूले आगामी माघमा ब्याजदर घटाउने भएका छन् । बुधबार बसेको वाणिज्य बैंकहरूको छाता सङ्गठन नेपाल बैंकर्स सङ्घको बैठकले माघ महिनाका लागि एक दशमलव १३ प्रतिशत ब्याजदर घटाउने निर्णय गरेको हो ।

हाल वाणिज्य बैंकहरूले व्यक्तिगत मुद्दति निक्षेपमा १२ दशमलव १३ प्रतिशत र संस्थागततर्फ नौ दशमलव १३ प्रतिशत ब्याज तोकेका छन् । रेमिट्यान्स मुद्दति खातामा १५ दशमलव ३३ प्रतिशतसम्म ब्याज रहेको छ । माघमा भने बैंकहरूले व्यक्तिगत मुद्दति निक्षेपमा ११ प्रतिशत र संस्थागततर्फ नौ प्रतिशत ब्याज तोकेका छन् । रेमिट्यान्स मुद्दति खातामा १२ प्रतिशत ब्याजदर तोक्नेछन् । बैंकर्स सङ्घको अध्यक्षमा केसी बैंकर्स सङ्घको अध्यक्षमा सुनिल केसी चयन भएका छन । बुधबार सम्पन्न विशेष साधारणसभामा एनएमबि बैंकका प्रमुख कार्यकारी अधिकृतमा केसी सर्वसम्मतरूपमा अध्यक्षमा चयन भएका हुन । यसअघि केसी सङ्घको उपाध्यक्ष रहेका थिए । यसअघिका अध्यक्ष अनिलकुमार उपाध्याय कृषि विकास बैंकबाट बाहिरिएसँगै सङ्घको अध्यक्ष पद खाली भएको थियो ।

प्रमुख कार्यकारी अधिकृत कार्यकाल सकिएपछि सङ्घको अध्यक्ष पदसमेत स्वतः रिक्त रहने व्यवस्था रहेको छ । नयाँ कार्यसमितिअन्तर्गत बैंकर्स सङ्घको उपाध्यक्षमा माछापुच्छ्रे बैंकका प्रमुख कार्यकारी अधिकृत सन्तोष कोइराला सर्वसम्मत चयन भएका छन । यसैगरी सङ्घको कार्यकारी सदस्यमा लक्ष्मी बैंकका अजयविक्रम शाह, नेपाल एसबिआई बैंकका दीपककुमार दे, नेपाल बैंकका कृष्णबहादुर अधिकारी, एनआइसी एसिया बैंकका रोशनकुमार न्यौपाने, एभरेष्ट बैंकको सुदेश खालिङ र सनराइज बैंकको प्रमुख कार्यकारी अधिकृत सुमन शर्मा छन ।रासस

# तरकारी खेतीबाट मनग्य आम्दानी

ढोरपाटन, २८ पुस
बागलुङ नगरपालिका-३ बोक्सेका मोतिलाल सापकोटा ७४ वर्ष पुगे । उमेरले बुढ्यौली लागे पनि उहाँमा काम गर्ने जोस, जाँगर र उत्साह भने युवाको भन्दा कम छैन । सापकोटाले व्यावसायिकरुपमा तरकारी खेती सुरु गरेको ३१ वर्ष भयो ।

उहाँको तरकारी खेतीप्रतिको लगाव उत्साहप्रद छ ।

तरकारी खेतीबाट सापकोटाले लाखौँ रुपैयाँको सम्पत्ति जोडिसकेका छन । उनले छ भाइबहिनी, छोराछोरी हुर्काउने, पढाउने र विवाहसमेत तरकारी खेतीकै आम्दानीले गरे । बिहानै उनी बागलुङ बजारमा तरकारी बिक्री गर्न आउछन । "मसित पुख्र्यौली सम्पत्ति थिएन, वर्षौं अरुको घरमा बसेर काम गरेँ, तरकारी खेतीमा लागेपछि घर सम्पत्ति जोडेँ", सापकोटाले भने । पहिला तरकारी खेती गर्ने चलन थिएन । उत्पादन भएको तरकारी पनि बिक्री हुँदैनथ्यो । "अहिले उत्पादन गरेको सबै बिक्री हुन थालेको छ, बजारमा तरकारीको माग बढ्दै गएको छ", उनले भन्नुभयो । "हातखुट्टा चल्दासम्म तरकारी उत्पादन गर्छु", उनले भने । रु तीन लाखदेखि रु पाँच लाखसम्म वर्षमा तरकारी बिक्रीबाट कमाइ हुने गरेको सापकोटाको भनाइ छ ।

तरकारी खेतीले सापकोटा परिवारको जीवनशैलीनै बदलिएको छ । बिहान तरकारी बेच्न बजार पुग्ने र दिउँसो साँझ बारीमा काम गर्ने आफ्नो दैनिकी भएको सापकोटाले बताए ।

कृषि ज्ञान केन्द्र बागलुङ्का सूचना अधिकारी कुमार पुनले सापकोटालाई समय-समयमा अनुदानसँगै प्राविधिक सहयोग गर्दै आएको बताए । उनलाई नयाँ प्रबिधिसँग जोड्नका लागि तालिम, परामर्श र सुझाव दिँदै आएको पुनको भनाइ छ । कृषि ज्ञान केन्द्रले गत वर्ष उनलाई रु दुई लाख अनुदानसमेत दिएको पुनले बताए ।रासस

# पाटेबाघ र गैँडा मृत भेटिए



चितवन, २८ पुस
चितवन राष्ट्रिय निकुञ्जको अमलटारी र सौराहा क्षेत्रमा पाटेबाघ र गैँडा मृत अवस्थामा भेटिएका छन् ।

निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीका अनुसार बुधबार दिउँसो निकुञ्जको अमलटारी क्षेत्रअन्तर्गत चम्पा सालघारी क्षेत्रको नारायणी नदीको बगरमा भाले पाटेबाघ मृत फेला परेको छ । अन्दाजी १५ वर्षको बाघ प्राकृतिक कारणले मरेको उनले जानकारी दिए ।

यस आर्थिक वर्षमा बाघ मरेको यो पहिलो हो । यस्तै बुधबार नै निकुञ्जको सौराहा क्षेत्रअन्तर्गत कछुवानी पोष्टको कार्यक्षेत्रमा पर्ने निकुञ्जमा लिङ्ग पहिचान हुन नसकेको गैँडा मृत फेला परेको छ । अन्दाजी पाँच वर्षको गैँडा मृत फेला परेको तिवारीले जानकारी दिए ।

बाघको आक्रमणबाट गैँडा मरेको उनले जानकारी दिए । गैँडाको खाग र खुर सुरक्षित रहेको छ । यससँगै चालु आवमा प्राकृति कारणबाट आठ गैँडा मरेका छन् । यस वर्ष चोरी सिकारीबाट गैँडा मर्न पाएका छैनन् ।रासस

# टेलिकमको "विन्टर अफर"

काठमाडौँ, २८ पुस
नेपाल टेलिकमले विहिवारदेखि लागू हुने गरी विन्टर अफर उपलब्ध गराउने भएको छ । कम्पनीले पहिला उपलब्ध गराइरहेको 'अटम अफर'लाई ग्राहकको रुचिअनुसार परिमार्जन गरी थप आकर्षक बनाएर 'विन्टर अफर' उपलब्ध गराउन लागेको हो । विन्टर अफरमा कम्पनीले उपलब्ध गराइरहेको सजिलो प्रिपेड कम्बो अफरलाई निरन्तरता दिइएको टेलिकमले जनाएको छ । यसमा कम्पनीका प्रिपेड मोबाइलका ग्राहकलाई रु एक सय ९९ देखि रु छ सय ९९ सम्मका सुलभ दरका २८ दिनसम्म प्रयोग गर्न सकिने डाटा, भ्वाइस र सन्देशका विभिन्न प्याक उपलब्ध छन् ।

यस अफरअन्तर्गत रु छ सय ९९ मा २८ दिनका लागि कूल २८ जिबी डाटा (दैनिक एक जिबी), दैनिक एक सय मिनेट कुराकानी गर्ने र दैनिक सय सन्देश पठाउन सकिने सुविधा उपलब्ध रहेको टेलिकमद्वारा जारी विज्ञप्तीमा उल्लेख छ । यीबाहेक पहिलादेखि नै उपलब्ध अफरलाई निरन्तरता दिइएको छ ।

अफर प्राप्त गर्नका लागि ग्राहकले स्टार १४१५ हेस डायल गर्नुपर्नेछ । कम्पनीको 'नेपाल टेलिकम' एपबाट यससम्बन्धी जानकारी लिन तथा सेवा खरिद गर्न सकिनेछ । त्यसैगरी कम्पनीको वेबसाइट डब्लु डब्लु डब्लु डट एनटिसी डट नेट डट एनपी मार्फत विस्तृत जानकारी प्राप्त गर्न सकिनेछ । रासस

# जिससको कार्यविधि विरुद्ध अदालतले अन्तरिम आदेश दिएन

मधेशदृष्टि
जनकपुरधाम, २८ पुस। बर्दिबास र गौशाला नगरपालिकाले जिल्ला समन्वय समितिको कार्यविधि विरुद्ध माग गरेको अन्तरिम आदेश जनकपुर उच्च अदालतले अस्विकार गरेको छ। बर्दिबास र गौशाला नगर क्षेत्रमा संचालनरत क्रसर उद्योगहरुको बैधानिकतामाथी जिल्ला समन्वय समितिले प्रश्न उठाइरहेको वेला स्थानिय सरकारले अन्तरिम आदेशको माग गर्दै रिट दिएका थिए । दायर गरिएको रिटमा मंगलवार अन्तरिम आदेश दिन नमिल्ने भन्दै अस्विकार गरेको हो।

अनुगमनका क्रममा जिल्ला समन्वय समिती महोत्तरीले प्रतिवेदनमा उक्त नगर क्षेत्रमा संचालनरत क्रसर उद्योगहरु अवैध रहेको निष्कर्ष निकालेको थियो । तर नगरप्रमुखहरुले जिल्ला समन्वय समितिको अनुगमन विधि र विधानविपरित भएको भन्दै संचालनरत क्रसर उद्योगहरुको अवैधानिकताको प्रश्नमाथि आपत्ती जनाएका छन।

समन्वय समितिले बनाएको कार्यविधि विरुद्ध पनि नगरप्रमुखद्धय प्रल्हाद कुमार क्षेत्री र दिपेन्द्र महतोले प्रश्न उठाएका छन।

जिल्ला समन्वय समितिको कार्यविधिमा जरिवाना समेत निर्धारण गरिएको छ । कसुर अनुसार १० हजार देखि १ लाखसम्म जरिवाना गर्नुपर्ने कार्यविधिमा उल्लेख छ।

रिटमा जिल्ला समन्वय समितिले क्षेत्राधिकार भन्दा बाहिर गएर स्थानिय तहको अधिकारमाथी समेत हस्तक्षेप गर्न खोजेको आरोप समेत लगाइएको छ। जिल्ला समन्वय समितिका केही गलत बिषयहरु भएका कारणले हामीले अन्तरिम आदेशको अपेक्षा गरेका थियौ, तर दण्डहीनताका बिषयलाइ मध्यनजर गर्दै उच्च अदालतले अन्तरिम आदेश नदिएको हुन सक्ने अधिवक्ता टिकाध्वज खडकाले भने।

जिल्ला समन्वय समितिका संयोजक सुमनलाल कर्णले संचालनरत क्रसर उद्योगहरु मध्ये भंगाहा, बर्दिबास र गौशालामा नै त्रुटि भेटिएको वताए। उनले भने हामी क्रसर उद्योग र वासिङ्ग सेन्टर हरुलाइ विधि र विधानअनुसार चलाउन खोजेका छौं।

यता बर्दिबास नगरपालिकामा अवैध र मापदण्डविपरित उत्खन्न गरेर सम्झौता भन्दा बढी बालुवा उत्तखनन गरेका ४ क्रसर उद्योगको मुद्दा अझै अदालतमा बिचाराधिन अवस्थामा रहेको छ । नापजाँच समितिले निकालेको प्रतिवेदन अनुसार ठेक्का पाएका उद्योगहरुले सम्झौता भन्दा बढी झण्डै १२ करोड बराबरको उतखन्न भएको निष्कर्ष निकालिएको थियो।

वातावरणीय प्रभाव मुल्यांकन अनुसार २०७८ मा रातु नदीको विभिन्न चार खण्डबाट एक लाख २१ हजार पाँच सय घनमिटर नदीजन्य वस्तु उत्खनन् गर्ने सम्झौता भएको थियो । प्रक्रिया अनुसार नै ठेक्का पाएका पन्चधुरामाई सप्लायर्स, शिवम् कन्स्ट्रक्सन प्रा.लि. र दिव्यांशु प्रा.लि. जनकपुरले करिब चार गुना बढी उत्खन्न गरेको निष्कर्ष निकालेपछि बर्दिबास नगरपालिकाले क्षतिपूर्तिको माग गर्दै उत्प्रेषण मिश्रित परमादेश रिट दायर गरेको थियो।

ढुंगा, गिटी, वालुवा बिक्रीवितरण तथा व्यवस्थापन सम्बन्धी ऐन ०७७ लाई समेत धज्जी उडाउदै उत्खनन् भएपछि २५ जेठमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको थियो । त्यसपछि नगरपालिकाले ठेक्का सम्झौता रद्द गरेर प्रावधिक नापजाँच उपसमितिको रिर्पोट अनुसार १ साउन ०७८ मा कारवाही प्रक्रिया सुरु भएको थियो ।यसैबीच प्रमुख जिल्ला अधिकारी दिपक पहाडीले महोत्तरीमा संचालित क्रसर उद्योगहरुले राती-राती खोला उत्खन्न गर्ने गरेको खुलासा गरेका छन। अनुगमनका क्रममा उद्योगहरु भएको ठाउँमा भारी मात्रामा ढुंगा, गिटी, बालुवा राखिएको अवस्थामा पाइएको प्रमुख पहाडीले भने।

त्यस्ता क्रसरहरुको बिषयमा स्थानिय सरकारलाई प्रतिवेदन बुझाउन भनेका छौ र मापदण्ड विपरित क्रसर उद्योगहरुलाई कारवाहीका तयारी भइरहेको उनले बताए।

# ५० जनालाई कम्बल वितरण



मधेशदृष्टि
बीरगंज २८ पुस । बीरगंजमा जाडो बढने क्रम नरोकिएसँगै विपन्न वर्गका व्यक्तिहरुलाई कम्बल वितरण गरिएको छ।

जाडोले बढी प्रभावित भएको र गरीब तथा विपन्नलाई लक्षित गर्दै बिहीवार वीरगंज महानगरपालिका वडा नम्बर १६ नगवा स्थित धर्मशालामा ५० जनालाई कम्बल वितरण गरिएको छ।

उपकार सेवा नेपालको सहयोगमा युवा नेता ओम प्रकाश सर्राफ मार्फत विपन्न परिवारका ५० जनालाई कम्बल वितरण गरिएको उपकार सेवा नेपालले जनाएको छ।

# दुई सय बोरा अवैध चामल प्रहरी नियन्त्रणमा

मधेशदृष्टि
जनकपुरधाम, २८ पुस । सप्तरी प्रहरीले भारतीय बजारबाट खरिद गरी अवैध रुपमा भित्र्याइएको २ सय बोरा चामल नियन्त्रणमा लिएका छन्। मंगलबार राति १० बजे तिर सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका-९ हनुमाननगर बजारमा भारतीय बजारबाट भन्सार छली मे १ ख ३३९७ नम्बरको ट्रकमा लोड गरी ल्याउँदै गरेको २ सय बोरा चामल सहित ट्रकलाई प्रहरीले नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालयका डिएसपी नरेश कुमार सिंह नेतृत्वले जानकारी दिएका छन् । उनले भने आफ्नै नेतृत्वको टोली तथा इलाका प्रहरी कार्यालय हनुमाननगरको संयुक्त टोलीले ट्रकसहित चामल नियन्त्रणमा लिएको हो । डिएसपी सिंहले अवैध रुपमा चामल भित्र्याउने ट्रकचालक सुनसरीगढी गाउँपालिका-२ का ३२ वर्षीय देव कुमार चौधरीलाई समेत पक्राउ गरिएको जनाएको छ। ट्रकसहित बरामद गरिएको चामलको कुल १४ लाख मूल्याङ्कन गरिएको तथा आवश्यक कारबाहीका लागि तिलाठी स्थित राजविराज भन्सार कार्यालय चलान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# गोल्डेन ह्यान्डसेक नलिने अस्थायी शिक्षकहरुको निर्णय

मधेशदृष्टि
जनकपुरधाम, २८ पुस । मधेस प्रदेशका अस्थायी शिक्षकहरूले गोल्डेन ह्यान्डसेक बापतको सुविधा नलिने भएका छन्।

बिहीबार जनकपुरधाममा बसेको अस्थायी शिक्षक आन्दोलन परिचालन समिति मधेस प्रदेशको बैठकले गोल्डेन ह्यान्डसेक बापतको सुविधा अस्वीरका गर्ने निर्णय गरेको हो ।सरकारले यसअघि सेवा सुविधा लिन छुटेका अस्थायी शिक्षकलाई गोल्डेन ह्यान्डसेक बापतको सुविधा दिन प्रक्रिया अघि बढाएपनि आन्दोलन परिचालन समितिको बैठकले सुविधा लिन अस्विकार गर्ने निर्णय गरिएको विस्थापित अस्थायी शिक्षक आन्दोलन परिचालन समिति मधेस प्रदेशका अध्यक्ष धर्मेन्द्र यादवले जानकारी दिए।

अध्यक्ष यादवले आफूहरूलाई पुर्नबहालीको माग गर्दै आगामी माघ २ गते प्रदेशका मुख्यमन्त्रीलाई ध्यानाकर्षण पत्र बुझाउने निर्णय समेत गरिएको बताए । गोल्डेन ह्यान्डसेक बापतको सुविधा लिन छुटेका अस्थायी शिक्षकहरूका लागि शिक्षा मन्त्रालयले पुस १३ गतेदेखि एक महिनाको समय दिएको थियो । अस्थायी शिक्षकलाई गोल्डेन ह्यान्डसेक बापतको सुविधा उपलब्ध गराउन सरकारले करिब ३० करोड रुपैयाँ विनियोजन गरेको छ।

तर, तत्कालिन शेरबहादुर देउवा नेतृत्वको सरकारले असोज ९ गतेको मन्त्रीस्तरिय निर्णयबाट गोल्डेन ह्यान्डसेक बापतको सुविधा लिन आह्वान गरेको थियो। अध्यक्ष यादवले शिक्षक किताब खानाले गर्नुपर्ने काम मन्त्रालयले गरेकोमा यसमा राजनीतिक खेल हुनसक्ने आशंकासमेत व्यक्त गरेका छन्।

२०७४ सालमा लिएको अस्थायी शिक्षकको आन्तरिक प्रतिस्पर्धाबाट असफल भएका र प्रतिस्पर्धामै भाग नलिएका शिक्षकलाई सरकारले गोल्डेन ह्यान्डसेक बापतको सुविधा उपलब्ध गराएको थियो । प्रावि, निमावि र माविका गरी १० हजार ३३० शिक्षकलाई ७ अर्व ४४ करोड रुपैयाँ बराबरको विशेष सेवा सुविधा उपलब्ध गराइएको थियो।

यता, देशभरिमा करिब ५ सय भन्दा अस्थायी शिक्षकहरू सो सुविधाबाट वञ्चित रहेका मध्ये ९० प्रतिशत मधेस प्रदेशका रहेको भन्दै शिक्षक किताब खानाले तिनीहरूका लागि प्रक्रिया अघि बढाएको बताइएको छ।

२०७३ असार सम्म ५ देखि १० वर्ष काम गरेका शिक्षकलाई वर्षको आधा महिना, १० देखि १५ वर्ष सेवा गरेकालाई १ महिना र १५ देखि २० वर्ष काम गरेकालाई डेढ महिनाको हिसाबले सुविधा उपलब्ध गराउने निर्णय गरेको थियो। यो हिसाबले न्यूनतम ३ लाखदेखि १३ लाख रुपैयाँसम्म सेवा सुविधा पाउने शिक्षकहरू रहेका छन्।

# आजपा र मासपाबीच एकता

मधेशदृष्टि
बीरगंज, २८ पुस । आम जनता पार्टी र नेकपा (माओवादी समाजवादी पार्टी) बीच एकता हुने भएको छ।

पूर्वमन्त्री प्रभु साह नेतृत्वको आजपा र कर्णजीत बुढाथोकी अध्यक्ष रहेको माओवादी समाजवादी एकताबद्ध हुने सहमति भएको आजपाका प्रचारप्रसार विभाग उपप्रमुख निवेश यादवले जानकारी दिएका छन् । एकीकृत पार्टीको नाम भने आम जनता पार्टी नै रहने यादवले प्रस्ट्याए । अग्रगामी शक्तिहरुको ध्रुवीकरणको रुपमा विभिन्न राजनीतिक दलहरुसँग एकताको अभियानमा आजपा रहेको प्रचारप्रसार विभाग उपप्रमुख यादवले बताए।

मंसिर ४ गतेको प्रतिनिधिसभा निर्वाचनमा नेकपा एमाले त्यागेर स्वतन्त्र उम्मेदवारी दिँदै रौतहट क्षेत्र नम्बर ३ बाट लगातार चौथो पटक निर्वाचित हुनुभएका साहले यही महिना आफ्नै नेतृत्वमा पार्टी गठन गर्नुभएको थियो।

# १३ गाडी प्रहरी नियन्त्रणमा

मधेशदृष्टि
बीरगंज, २८ पुस । बीरगंजबाट जनक शिक्षा सामग्री केन्द्रको कागज लोड गरि काठमाण्डौ तर्फ गएका १३ वटा ट्रक तथा कन्टेनरलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

कक्षा १ देखि १० सम्मका विद्यार्थीलाई निःशुल्क वितरण गरिने पुस्तक छाप्न वीरगन्जबाट लगिएको कागज सम्झौता विपरीत कम गुणस्तरको कागज ल्याएको आरोप छ। भक्तपुरको सानोठिमीस्थित सामग्री केन्द्रको कम्पाण्डभित्र ३ वटा र कम्पाउन्ड बाहिर ९ वटा कागज लोड भएको ट्रक प्रहरीले होल्डमा राखेको छ। सरोकार राख्नेहरूले दिएको सूचनाको आधारमा ट्रकहरू होल्ड गरिएको जिल्ला प्रहरी परिसर भक्तपुरका प्रवक्ता एव डिएसपी राजु पाण्डेले बताएका छन् । जनक शिक्षामा कागज सप्लाई गर्ने जिम्मा वीरगन्जस्थित दुर्गा पेपर मिल र एभरेस्ट पेपर मिलले पाएका थिए।

ती कम्पनीले पाठ्यपुस्तक छाप्न प्रयोग गरिने कागज कमजोर गुणस्तरको सप्लाई गरेको उजुरी परेपछि पाठ्यक्रम विकास केन्द्रले अनुगमन गरेको थियो।

अनुगमनको क्रममा ९४ जिएसएम भन्दा माथिको कागज सप्लाई गर्ने सम्झौता भएको तर, ती कम्पनीले ७० जिएसएम को कागज सप्लाई गरेको भेटिएको पाठ्यक्रम विकाश केन्द्रका एकजना अधिकृतले जानकारी दिएका छन।

# ग्लोबल र नेशनलबीच इन्फोटेक टी २० को फाइनल

मधेशदृष्टि
बीरगञ्ज, २८ पुस। बीरगंजमा जारी नेशनल इन्फोटेक टी २० क्रिकेट प्रतियोगिता २०७९ को फाईनलमा ग्लोबल बिजनेस कलेज र नेशनल ईन्फोटेक कलेज प्रवेश गरेका छन । बिहीवार भएको सेमीफाइनल खेलमा नेशनल एकेडेमीलाई ३८ रनले



पराजित गर्दै ग्लोबल बिजनेस कलेज फाइनलमा प्रवेश गरेको हो। टस जितेर ब्याटिंग रोजेको ग्लोबल कलेजले निर्धारित २० ओभरमा ८ विकेट गुमाउँदै १ सय ३२ रनको योगफल तयार पारेको थियो।

१ सय ३३ रनको विजय लक्ष्य लिएर मैदानमा उत्रिएको नेशनल एकेडेमी १९ ओभर १ बलमा सबै विकेट गुमाउदै ९४ रनमा समेटिएपछि ग्लोबल विजनेश कलेज विजयी भएको हो।

यसअघि बुधवार भएको खेलमा वीरगञ्ज पब्लिक कलेज (बिपिसी) लाई हराउँदै नेशनल ईन्फोटेक कलेज फाइनलमा प्रवेश गरेको थियो । शनिवार फाईनल खेल हुने भएको छ।

# प्रदेश जनस्वास्थ्य प्रयोगशालाद्वारा ल्याब सामग्री हस्तान्तरण

मधेशदृष्टि
बारा, २८ पुस
बाराको सुवर्ण गाउँपालिकाको जनस्वास्थ्य कार्यालय कवहीगोठमा प्रदेश जनस्वास्थ्य प्रयोगशाला जनकपुरधामद्वारा रगत परीक्षण को लागि प्रयोगशाला को सामान हस्तान्तरण कार्यक्रममा वडा नं. २ को वडा अध्यक्ष रन्जित प्रसाद यादवको अध्यक्षता तथा प्रमुख अतिथि गाउँपालिका प्रमुख राजेश प्रसाद यादवको प्रमुख आतिथ्यमा कार्यक्रम सम्पन्न भएको छ।

प्रदेश जनस्वास्थ्य प्रयोगशाला जनकपुर द्वारा सुवर्ण गाउँपालिकाको जनस्वास्थ्य कार्यालय कवहीगोठलाइ रगत परीक्षण को लागि प्रयोगशाला को सामान गाउँपालिका प्रमुख राजेश प्रसाद यादव मार्फत जनस्वास्थ्य कार्यालय कवहीगोठका स्वास्थ्य इन्चार्जलाइ हस्तान्तरण गरिएको छ।

कार्यक्रममा गाउँपालिका प्रमुख यादव आफ्नो मन्तव्य राख्ने क्रममा प्रदेश जनस्वास्थ्य प्रयोगशाला जनकपुरबाट अहोरात्र खटी प्रयोगशालाको सामान बुझि ल्याएको र एउटा दक्ष ल्याब टेक्निसियन र साथै कार्यालय सहयोगी जनकपुरधामबाट नै चाडो भन्दा चाडो ल्याइ १ महिना भित्रमा नै प्रयोगशाला संचालनमा ल्याउने आधुनिक युगमा आधुनिक मेसिनबाट यस गाउँपालिका तथा गाउँपालिका बाहिरका जनताहरुलाइ अब बाहिर नगइ रगत सम्बन्धि जाँच नेपाल सरकारको दररेटमा नै जनस्वास्थ्य कार्यालय कवहीगोठमा नै परीक्षण हुने र अगामी दिनमा पालिका स्तरीय स्वास्थ्य परीक्षण स्थापना हुने भनी आफ्नो प्रतिवद्धता व्यक्त गरेका थिए। उक्त कार्यक्रममा वडा नं. १ को वडा अध्यक्ष रामविध्या प्रसाद यादव, वडा नं. ३ को वडा अध्यक्ष रामक्षत्री प्रसाद यादव, वडा नं. ४ को वडा अध्यक्ष झकड प्रसाद यादव, वडा नं. ५ को वडा अध्यक्ष रामएकबाल प्रसाद साह, वडा नं. ६ को वडा अध्यक्ष शिवधारी दास तत्मा, वडा नं. ७ को वडा अध्यक्ष जितेन्द्र प्रसाद यादव, वडा नं. ८ को कार्यवाहक वडा अध्यक्ष जलिल मिया लगायत कार्यपालिका सदस्यहरुको उपस्तिथी रहेको थियो।

# द्रुतमार्गको २१ प्रतिशत काम

मधेशदृष्टि
बीरगञ्ज, २८ पुस । राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको काठमाडौं-तराई/मधेश द्रुतमार्गको २१प्रतिशतमात्रभौतिक प्रगति भएको छ। नेपाली सेनाका अनुसार मङ्सिर मसान्तसम्मको तथ्याङ्कअनुसार २१ प्रतिशत मात्र काम सम्पन्न भएको हो। नेपाली सेनाले निर्माणको जिम्मा पाएको यस आयोजनाको २१.६४ प्रतिशत भौतिक प्रगति भएको छ भने २०.०४ प्रतिशत वित्तीय प्रगति भएको प्रवक्ता कृष्णप्रसाद भण्डारीले बताएका छन्।

२०८१ मङ्सिर महिनासम्म यस आयोजना सक्ने लक्ष्य रहेको छ । तर, अझै ७९ प्रतिशत नै काम बाँकी रहेकाले यस आयोजना निर्माणकार्य तोकिएकै समयमा सम्पन्न नहुने देखिएको छ । सरकारले २०७४ सालमा यसको जिम्मा नेपाली सेनालाई दिएको थियो।

दुई वर्षपछि २०७६ साल भदौ १ मा सरकारले विस्तृत अध्ययन प्रतिवेदन (डीपीआर) स्वीकृत गरेको थियो । आर्थिक तथा व्यापारिक दृष्टिकोणले समेत महत्वपूर्ण मानिएको यस आयोजनाको काम तोकिएकै समयमा सम्पन्न नहुँदा समयसँगै लागत पनि बढ्ने देखिएको छ।

काठमाडौंलाई तराईसँग जोड्ने सबैभन्दा छोटो मार्गको रुपमा रहेको यस मार्गका कारण तराईमा उत्पादित वस्तु तथा सेवाहरु राजधानी ल्याउन र राजधानीबाट तराई आवतजावत तथा वस्तुको व्यापार गर्न पनि सहज हुने अपेक्षा गरिएको छ।

## मुख्यमन्त्री सरोज : उपेन्द्रको ........................

रहेको उल्लेख गर्दै भन्छन् 'पहिलो निर्वाचनमा मधेश आन्दोलनको रापताप थियो, आन्दोलनको सहानुभुति उनीहरुले पाएका थिए ।दोश्रोमा आन्दोलन थिएन, जनताले उनीहरुले गरेका कामका मूल्याङ्कन गरे, उनीहरुमा देखिएको टुटफूटको असर पर्यो।'

मधेशवादी पार्टीहरु एकिकरण र विभाजनको प्रभाव मतदातामा परेको साहको कथन छ। मधेश प्रदेशका १ सय ३६ स्थानीय तह मध्ये ५० वटामा मधेशवादीको नेतृत्व रहेको बताउँदै साह भन्छन् ' स्थानीय तहमा व्यापक भ्रष्ट्राचार भयो, दलहरु संरक्षक जस्तै बनेका थिए। प्रदेश सरकारले पनि काम गरेको देखाउन सकेन।'

मधेशवादी दलको काम, कार्यशैलीबाट आम मतदाता प्रभावित हुन नसकेको विश्लेषण वरिष्ठ पत्रकार चन्द्रकिशोरको छ। 'मधेशवादी दल विभाजित भए, त्यसको असर पर्नेनै भयो' चन्द्रकिशोर भन्छन् ' आम मतदाता दल र नेताहरुबाट संरक्षण चाहन्छन्, त्यस्तो विश्वास मधेशवादी दलले दिन सकनेनन्, उनीहरु अन्य दलको पछि लागे।'

दोश्रो आम निर्वाचन अघि बनेका चुनावी गठबन्धन भत्किएर नयाँ सत्ता गठबन्धन बनेको छ यतिखेर र एमालेले त्यसको नेतृत्व लिएको छ। संघीय सरकार र प्रदेश सरकारहरु एउटै प्याकेज अर्न्तगत भागण्डा गर्दा जसपाले आधा समयका लागि मधेशको नेतृत्व पाएको हो।

विगतका कमीकमजोरी सच्याउँदै थाती रहेका मधेशका माग, मुद्धा र आवाजहरुको सम्बोधन गर्न र संघीयतालाई संस्थागत गर्न जसपाले यो अवसरलाई उपयोग गर्नसक्नुपर्दछ। त्यसै अपेक्षा छ जसपाबाट। जसपाको भविष्य सरोज नेतृत्वको सरकारको काम र कार्यशैलीमा निर्भर हुने निश्चित छ।

## ४ मन्त्री सहित मुख्यमन्त्री यादव .............

मन्त्री मात्र शपथ लिने सांसद शारदा देवी थापाले बताइन्। सत्तारुढ दलहरुको भागवण्डामा एमालेले मधेशको सभामुख पद पनि पाएको छ।

जनमतले उपसभामुखबाहेक तीन 'ठूला' मन्त्रालय मागेको छ । सो पार्टीको प्रदेश संसदीय दलका नेता महेश यादवले आफूहरूले सामाजिक विकास, भौतिक पूर्वाधार र एउटा कुनै प्रशासनिक मन्त्रालय पाउनुपर्ने बताए। जसपाले मुख्यमन्त्रीबाहेक थप दुई मन्त्रालय पाउनुपर्ने दाबी गरेको छ। जसपाले अर्थ र गृह तथा सञ्चार मन्त्रालय मागेको छ। जसपाबाट को मन्त्री बन्ने हो बारे टुंगो लागेको छैन। जसपाबाट पहिलो चरणमा कसलाई मन्त्रीको जिम्मेवारी दिइने हो बारे निर्णय गर्न बिहीवार साँझ जनकपुरधाम आएको बुझिएको छ।

प्रदेश प्रदेशको सबैभन्दा ठूलो दल एमालेका प्रदेशसभा सदस्य रामचन्द्र मण्डलले चार विकासे मन्त्रालयमध्ये सबै दलले एक/एकवटा लिएर शपथग्रहण गर्ने तयारी रहेको बताए । भौतिक पूर्वाधार, कृषि, उद्योग तथा पर्यटन र सामाजिक विकास मन्त्रालय मध्ये सत्ता साझेदारका प्रमुख दलहरूले एउटा/एउटा पाउनेछन् भने लोसपालाई समेत सहभागी गराउन अन्य मन्त्रालय रिजर्भ राखिएको बताइएको छ । मुख्यमन्त्री यादवलाई आफ्नै दल जसपाको १६, नेकपा एमालेका २३, जनमत पार्टीका १३, नेकपा माओवादी केन्द्रका ७, राष्ट्रिय प्रजातन्त्र पार्टी र नेपाल संघीय समाजवादी पार्टीका १-१ तथा २ जना स्वतन्त्र प्रदेशसभा सदस्यसहित ६३ प्रदेश सांसदको समर्थन थियो । लोसपाको समर्थनपछि उनको मत ७२ पुगेको छ। मधेस प्रदेशमा ११ वटा मन्त्रालय छन्।

जसपा र जनमत अढाई/अढाई सरकारको नेतृत्वको गर्ने गर्ने सत्तारुढ गठबन्धनमा सहमति भएको हो । ती सहमति अनुसार पहिलो अवसर जसपाले पाएका छन्।

# राष्ट्र सेविकाले बीरगंजमा निकाले र्‍याली

मधेशदृष्टि
बीरगंज, २८ पुस। राष्ट्र सेविका नेपालको वीरगंजमा जारी आवासिय प्रशिक्षण तथा प्राथमिक शिक्षा वर्ग प्रशिक्षण सम्बन्धी तालिम अन्तरगत बिहीवार वीरगंजमा र्‍याली निकालिएको छ। देशभरबाट आएका सय जना भन्दा बढी राष्ट्र सेविका नेपालका कार्यकर्ताहरुले वीरगंजको घण्टाघरबाट निस्किएको र्‍याली पशुपति शिक्षा मन्दिर आदर्शनगरमा पुगेर समापन भएको थियो।

स्वमिमानी र समृद्ध नेपाल बनाउन राष्ट्र भक्त, कर्तव्य निष्ठ, चरित्रवान, सुसंस्कृत, अनुशासित, निष्ठावान वन्नका लागि उत्प्रेरित गर्न राष्ट्र सेविका नेपालले प्रशिक्षण कार्यक्रमको आयोजना गरेको कार्यक्रकी प्रशिक्षक शशि लत्ता गिरीले जानकारी दिनुभयो । पुस २३ गते देखि वीरगंजमा शुरु भएको प्रशिक्षण कार्यक्रम पुस २९ गते साझ सम्पन्न हुने राष्ट्र सेविका नेपालकी सर्मिला ढकालले जानकारी दिएका छन्।



प्लानाडा, क्यालिफोर्निया - जनवरी ११ः हवाई दृश्यमा, कारहरू जनवरी ११, २०२३ मा प्लानाडा, क्यालिफोर्नियामा बाढीको पानीमा बसिरहेका छन्। सेन्ट्रल भ्याली सहर प्लानाडा एक गम्भीर वायुमण्डलीय नदी घटना हप्ताको सुरुमा यस क्षेत्रमा सरेको पछि व्यापक बाढीबाट विनाश भएको थियो। सान फ्रान्सिस्को खाडी क्षेत्र र क्यालिफोर्नियाको धेरै भाग शक्तिशाली वायुमण्डलीय नदी घटनाहरूले भिजेको छ जसले उच्च हावा र बाढीको वर्षा ल्याएको छ। आँधीले रूखहरू ढालेको छ, सडकहरू बाढी र हजारौंको बिजुली काटेको छ। आँधीहरू प्रशान्त महासागरमा पङ्क्तिबद्ध छन् र हप्ताको अन्त्यमा थप वर्षा र हावा ल्याउने अपेक्षा गरिएको छ। जस्टिन सुलिभान/गेटी इमेज/एएफपी

*(फोटो जस्टिन सुलिभन/गेटी इमेजेज नर्थ अमेरिका/गेटी इमेजेस एएफपी मार्फत)*

# आँधीबाट क्यालिफोर्नियामा सत्र जनाको ज्यान गयो

लस एन्जलस २८ पुस

अमेरिकाको क्यालिफोर्नियामा आँधीका कारण कम्तीमा पनि १७ जनाको ज्यान गएको छ।

गत मङ्गलबारबाट सो आँधी सुरु भएको र बुधबार बिहानसम्म ज्यान जानेको संख्या १७ पुगेको बताइएको छ।



अमेरिकाको सबैभन्दा बढी जनसङ्ख्या रहेको सहर क्यालिफोर्नियामा आँधीबाट ती नागरिकको ज्यान गएको र केही भौतिक संरचनाहरुमा पनि क्षति पुगेको बताइएको छ । आँधीसँगैको वर्षाबाट बाढी र पहिरो पनि आएको अधिकारीहरुले जानकारी दिएका छन् । यहाँका मौसमसम्बन्धी अधिकारीहरुले आँधीका कारण केही वर्ष यताकै ठूलो क्षति भएको जनाएका छन् । उनीहरुले सडक भत्किएका र यहाँका विजुली तथा ग्यासका पाइपसम्बन्धी संरचनाहरुमा क्षति पुगेको छ । मौसम पूर्वानुमान शाखाका अधिकारीहरुले आँधीको सम्भावना रहेकाले बुधबार पनि घर बाहिर ननिस्कन सर्वसाधारणहरुलाई सूचना जारी गरेका छन् । यस आँधीले यहाँका जनावर तथा चौपाया पनि मरेका छन् ।यस क्यालिफोर्निया राज्यको दक्षिणी क्षेत्र आँधीबाट बढी प्रभावित भएको छ । सो क्षेत्रका हजारौँ मानिसलाई उद्धार गरेर अन्यत्रै लैजानुपर्ने बताइएको छ । तर आँधी निरन्तर रहेकाले उनीहरुको उद्धारमा पनि कठिनाई उत्पन्न भएको बताइएको छ ।

सो राज्यमा संकटकालको घोषणा गरेर आवश्यक उद्धार कार्य गर्नका लागि अमेरिकी सरकारले अधिकार प्रदान गरेको छ । आँधी अरु केही दिनसम्म रहनसक्ने भन्दै यहाँको राज्य सरकारले भने सबै नागरिकलाई सतर्क रहन भनेको छ । यहाँ चिसो मौसममा पनि यस्तो आँधी आउने गर्दछ । सन् २०१८ को जनवरीमा पनि यस्तै आँधीका कारण कम्तीमा पनि २३ जनाको ज्यान गएको थियो । (रासस/सिन्ह्वा)

# महिलामाथिको प्रतिबन्धले मानवीय सहायता परिचालनमा अवरोध



काबुल, २८ पुस

गत जुनमा महिला चिकित्सकको एउटा टोली छ घण्टा लामो पहाडी मार्गको यात्रा पूरा गरेर पूर्वी अफगानिस्तानको एउटा गाउँ पुग्यो जहाँ भूकम्पबाट एक हजारभन्दा बढी अफगानीले ज्यान गुमाएका थिए ।

भूकम्प भएको दोस्रो दिन महिला चिकित्साकर्मीको टोली त्यहाँ पुगेको थियो । घाइते भएका पुरुषले अघिल्लै दिनदेखि उपचार पाएका थिए तर महिलाका आला घाउबाट रगत बगिरहेको थियो सामान्य उपाचारसमेत नपाएर । पूरातन सोच र रुढीवादी समाजमा जकडिएको अफगानिस्तानका महिला महिला चिकित्सक नआएसम्म त्रिपालबाट बाहिर निस्केनन् ।

मानवीय सहायताकर्मी महिला नहुँदा कठिन एवम् दयनीय स्थिति अफगान महिलाले झेल्नुपरेकामा खिन्न छन् अन्तर ाष्ट्रिय उद्धार समितिकी समिरा सैयद रहमान । उनले गाउँका ज्येष्ठ नागरिकहरूलाई महिला स्वास्थ्यकर्मीको टोली सेवाका निम्ति आइसकेको जानकारी दिएपछि मात्र भूकम्प पीडित महिला उपचारका लागि घर वा त्रिपाल बाहिर आएका थिए । आपत्कालीन अवस्थामा पनि महिलाहरू घरभित्रै बस्नुपर्ने बाध्यात्मक व्यवस्था देशभर लागू गरिएको उनी बताउँछिन् ।

“यो एउटा उदाहरण मात्र हो,” सैयद भन्छिन् - गैरसरकारी संस्थामा महिलालाई काम गर्न नदिने तालिबानको आदेशले अफगानिस्तान र त्यहाँका महिलाको अवस्थालाई चित्रित गर्छ । परिणामको परवाह नगरी लादिएका यस्ता निर्णयले महिला कामदारको महत्व पनि रूढीग्रस्त अफगानी समाजमा दर्शाएको छ ।

यही पुस ९ गतेदेखि अन्तर्राष्ट्रिय एवम् राष्ट्रिय गैरसरकारी संस्थामा महिलाले काम गर्न नपाउने आदेश तालिबानले जारी गरेपछि केही अन्तर्राष्ट्रिय सङ्गठनले महिला कर्मचारी बिना काम गर्न नसक्ने भदै सहायता परिचालन बन्द गरे । सहायता निकायका अनुसार महिलालाई सेवामा रोक लगाउँदा सयौँ हजार प्रभावित हुने तथा त्यसले घातक परिणाम ल्याउने चेतनवनी दिएका छन् ।

लामो युद्धका कारण नाजुक बनेको नागरिक जीवन र कमजोर आर्थिक स्थितिले अफगानीस्तानमा तालिबानको अव्यावहारिक आदेशले थप जटिलता थोपरेको छ । सन् २०२१ को अगस्टमा तालिबानले सत्ता कब्जा गरेदेखि नै सहायता निकाय र गैरसरकारी संस्थाहरूले अफगानिस्तानमा सहयोग जारी राखेका छन् ।

अन्तर्राष्ट्रिय समुदायले तालिबान शासनलाई मान्यता दिएको छैन भने मुद्रा सञ्चिति घटेको छ, विश्वव्यापी बैंकिङबाट काबुल कटौतीमा परेको छ । युद्धका कारण जर्जर बनेको अर्थतन्त्र ध्वस्त भएको छ ।

यद्यपि गैरसरकारी संस्थाहरूले तालिवानका आदेश उल्लङ्घन गर्दै खाद्यान्न सहयोगदेखि लिएर स्वास्थ्य सेवा र शिक्षाजस्ता आधारभूत सेवा प्रवाह गराउँदै आएका छन् ।


प्रतिबन्ध घोषणा हुनेवित्तिकै ११ वटा ठूला अन्तर्राष्ट्रिय सहायता समूह र केही साना समूहले आफ्ना महिला कामदारबिना काम गर्न नसक्ने भन्दै आफ्ना कामहरू पूर्ण रूपमा स्थगन गरेका छन् । अन्य धेरैले पनि नाटकीय रूपमा सेवा घटाएका छन् ।

करिब १४ प्रतिशत गैरसरकारी संस्थाले मात्र पूर्ण क्षमतामा सेवा प्रवाह गरेका छन् । खाद्यान्न आपूर्तिलगायत मानवीय सहायता प्रवाहमा राष्ट्रसङ्घीय निकाय क्रियाशील छन् ।

तालिबानको प्रतिबन्धलाई वेवास्ता गर्दै विश्व खाद्य कार्यक्रमले अघिल्लो महिनाको अन्त्य र यो महिनाको पहिलो सातासम्ममा चार करोड अफगानीमध्ये एक करोड ३० लाखलाई खाद्य सहयोग वा खाद्यान्न खरिदका निम्ति नगद हस्तान्तरण गरेको छ ।

महिलामाथिको प्रतिबन्ध कहिलेसम्म लागू रहन्छ भन्नेमा कोही स्पष्ट छैन । केही स्थानमा महिलाले काम गरिरहेका छन् । (रासस /एपी)

# सामुन्द्रिक छाल बढेपछि एकको मृत्यु, ८५ बन्दरगाह बन्द



लिमा , २८ पुस

पेरुको समुन्द्रिक किनारमा अस्वाभाविक रुपमा छाल बढेपछि एक जनाको ज्यान गएको छ । त्यसलगत्तै यहाँ रहेका कम्तीमा पनि ८५ ओटा बन्दरगाह बन्द गराइएको नेसनल इन्स्टिच्युट अफ सिभिल डिफेन्सले जानकारी दिएको छ । उक्त इन्स्टिच्युटका अनुसार बुधबार यहाँको समुद्रमा अकस्मात छाल बढेको थियो ।

पहिलेको किनारा नाघेरै माथि आउन थालेपछि समुद्रिक किनारमा रहेका बन्दरगाहहरु नै बन्द गराइएको सो इन्स्टिच्युटले जनाएको छ ।आँधी आउन सक्ने सम्भावना भन्दै ती बन्दरगाहहरु यही जनवरी १६ तारिखसम्मका लागि बन्द गराइएको सूचना पनि यहाँका सरकारी अधिकारीहरुले दिएका छन् । पेरुको उत्तरपश्चिमी सामुन्द्रिक किनारमा यस्तो छाल बढेको हो । त्यस क्रममा सो सामुन्द्रिक किनारमा माछा मारिरहेका एकजना ७० वर्षीय व्यक्तिलाई छालले बगाएर समुन्द्रमा मिसाएको थियो । सरकारी निकायले सूचना प्रकाशन गरेर समुद्रको छाल बढेकोले केही दिनसम्म यसको किनारमा नजान र माछा मार्ने या अन्य कार्यहरु समुद्र किनारमा नगर्न भनेको छ । (रासस/सिन्ह्वा)

# टेनिस स्टार नाओमी गर्भवती

टोकियो, २८ पुस

टेनिस स्टार नाओमी ओसाकाले आफू गर्भवती भएको खुलासा गर्दै अर्को वर्षमात्र मैदानमा फर्कने योजना रहेको बताएकी छन् । पूर्व विश्व नम्बर एक खेलाडी ओसाकाले ‘अल्ट्रासाउन्ड’को तस्बिरसहित सामाजिक सञ्जालमा ‘सन् २०२३ का लागि सानो अद्यावधिक’ भनेर बुधबार गरेको ‘पोष्ट’मा आफू गर्भवती भएको खुलासा गरेकी हुन्

पच्चीस वर्षीया ओसाका वर्षौंदेखि ‘च्यापर’ कोर्डेसँग ‘रोमान्स’सँगै ‘डेट’ गरिरहेकी छन् । “मलाई थाहा छ कि मसँग भविष्यमा हेर्नको लागि धेरै कुरा छन्, एउटा कुरामा म तयार भएकी छु कि मेरो बच्चाले मैले खेलको हेर्नेछ र उनी मेरी आमा हुन्,” ओसाकाले लेखेकी छन् ।

गत सेप्टेम्बरदेखि ओसाकाले कुनै पनि प्रतिस्पर्धात्मक खेल खेलेकी छैनन् ।

आगामी आइतबारदेखि सुरु हुने अस्ट्रेलियन ओपनबाट पनि उनी बाहिरिएकी छन् । उनले दुई पटक युएस ओपन च्याम्पियनसिपसँगै दुई पटक उक्त प्रतियोगिता जितेकी थिइन् । हालैका वर्षमा मानसिकरूपमा स्वस्थ्य रहन उनले खेलबाट आफूलाई टाढा राखेकी छन् । टोकियोमा प्यान प्यासिफिक ओपन पछि फेरि उनी मैदानमा देखिएकी छैनन् । (रासस /एपी)

# कम्बोडियामा चट्याङ लागेर ६३ जनाको मृत्यु

नोमपेन्ह, २८ पुस

कम्बोडियामा सन् २०२२ मा चट्याङले ६३ जनाको ज्यान लिएको थियो । सन् २०२१ मा ८३ जनाको मृत्यु भएको थियो । सन् २०२१ को तुलनामा सन् २०२२ मा चट्याङ लागेर ज्यान गुमाउनेको संख्या २४ प्रतिशतले कम भएको प्रकोप नियन्त्रणका राष्ट्रिय प्रकोप व्यवस्थापन समिति (एनसीडिएम)का प्रवक्ता सोथ किम कोल्मोनीले बताएका छन । उनी चट्याङ लाग्नबाट जोगाउने जनचेतनामा कमी आएको जानकारी दिएका छन । ‘चट्याङको खतराबाट बच्न, विशेषगरी ग्रामीण क्षेत्रमा बसोबास गर्ने मानिसहरूले हावाहुरी वा वर्षा हुँदा घर वा आश्रयमा बस्नुपर्छ,’ उनले सिन्ह्वालाई भनेका छन ।

एनसीडीएमले उच्च जोखिममा रहेका प्रान्तहरुको वास्तविक आवश्यकताहरुको समीक्षा र मूल्याङ्कन गर्न भ्रमण गर्ने र ती प्रान्तहरूमा बिजुली संरक्षण उपकरणहरू स्थापना गर्नुअघि स्वीकृतिको लागि नेताहरूलाई जानकारी गराउने उनले बताएका छन । प्रवक्ताका अनुसार मेदेखि अक्टोबरसम्म



प्रवक्ताले बिहीबार बताएका छन । मृत्यु बाहेक, चट्याङले गत वर्ष अन्य ५८ जना घाइते भएका वर्षायाममा चट्याङ लाग्ने गरेको छ । (रासस/सिन्ह्वा)






साना लाई ऐन ठुलो लाई चैन : स्टार सेरेमेक्सलाइ बीरगंजको पुरानो बसपार्कमा टायल्स राख्ने अधिकार कस्ले दियो ?

*तस्विर : मधेशदृष्टि*

### राजश्रीको ठगी धन्दाले सेवाग्राही पीडित

# कर्मचारी र एजेन्टको मिलेमतोमा रकम हिनामिना

विकास अग्रवाल

रौतहट, २८ पुस । सुरक्षित लगानी आकर्षक ब्याज सदैव सेवामा समर्पित भन्ने मुल नाराका साथ सञ्चालनमा रहेको राजश्री सेविंग्स एण्ड क्रेडिट को अपरेटिभ सोसाइटी लिमिटेडले गर्दै आएको ठगी धन्दाका कारण सयौं सेवाग्राहीहरु पीडित बनेका छन् ।

सर्वसाधारणहरुले उक्त संस्थामा बचत गरेर जम्मा गरेको रकम एजेन्ट र कर्मचारीहरुको मिलेमतोमा हिनामिना हुन थालेपछि सेवाग्रहीहरु पीडित बन्न थालेका हुन् । एक/एक पैसा जोडेर जम्मा गरेर पनि रकम झिक्ने बेलामा नभएको थाहा पाउँदा आफूहरु ठगिएको सेवाग्राहीहरुको भनाई छ । कतिपय घटनामा संस्थाका कर्मचारी र सेवाग्रहीबीच वादविवाद उत्पन्न समेत हुने गरेको देखिएको छ । गत पन्ध्र वर्ष देखि गौरमा सञ्चालित उक्त संस्थाले सुरुमा सेवाग्रहीहरुको मन जितेको भएपनि केही महिना देखि एजेन्ट र संस्थाका कर्मचारीहरुको मिलेमतोमा सेवाग्राहीहरुको खाताबाट रकम हिनामिना हुन थालेपछि दिनहुँ विवाद समेत हुन थालेको हो ।




राजश्री संस्थामा जम्मा गरेको समय पुरा हुँदा झिक्न जाँदा एजेन्टले पहिले नै झिकिसकेको आरोप राजदेवी नगरपालिका बसतपुर गाउँकी महिला आशा देवीले लगाईन् । संस्थाका एजेन्ट रौशन झासँग खाता सञ्चालन गरी जम्मा गरेको रकममा उनले नक्कली हस्ताक्षर गरेर रकम झिकेको तथा संस्थाका प्रबन्धक कृष्णचन्द्र दाहालसँग सम्पर्क गर्दा गैरजिम्मेवारी पुर्ण जवाफ आएपछि गत साता कार्यालयमा उनले तालाबन्दी समेत गरेकी थिईन् । संस्थाका कर्मचारी र एजेन्टहरुले हामी जस्तै सयौ सेवाग्रहीको रकम हिनामिना गरेको पीडित आशा देवीको भनाई थियो । मधेश प्रदेशकै विभिन्न स्थानमा खुलेको राजश्री संस्थाले अहिले विभिन्न स्थानमा यस्तै सेवाग्रहीहरुको रकम हिनामिना गर्दै आईरहेको समाचार श्रोतको दाबी रहेको छ । संस्थाले अहिले गौर लगायत जिल्लाको विभिन्न स्थानका दुई सय भन्दा बढी सेवाग्रहीहरुको रकम हिनामिना गर्दै आएको आरोप स्थानीय मनोज पटेलको रहेको छ । यस सम्बन्धमा संस्थाका गौर शाखाका प्रबन्धक कृष्णचन्द्र दाहालले हाम्रो एजेन्ट रौशन झाले केही सेवाग्रहीको रकम हिनामिना गरेको स्वीकार्दै उनीमाथि कानुनी उपचार भईरहेको बताए । उनले कतिपय सेवाग्रहीको रकम वितरण भईरहेको तथा अन्यको प्रक्रियामा रहेको जानकारी दिए ।

# प्रहरी श्रीमतिद्वारा निःशुल्क स्वास्थ्य शिविर तथा कम्बल वितरण

मधेशदृष्टि

बीरगंज, २८ पुस । नेपाल प्रहरी श्रीमती संघको आयोजनामा बाराको तेलकुवामा बिहीवार निःशुल्क स्वास्थ्य शिविर तथा विपन्न परिवारलाई न्यानो कम्बल वितरण गरिएको छ ।

नेपाल प्रहरी श्रीमती संघकी अध्यक्ष कुसुम लता सिंहले कम्बल वितरण तथा निःशुल्क स्वास्थ्य शिविरको उद्घाटन गरेका थिए। सो अवसरमा विभिन्न रोगका विरामीहरुलाई निःशुल्क औषधी समेत प्रदान गरिएको थियो । महागढीमाई नगरपालिका वडा नम्बर ७ तेलकुवामा आयोजित कार्यक्रमको व्यवस्थापन जिल्ला प्रहरी कार्यालय वाराले गरेको थियो भने प्राविधिक सहयोग वीरगंज हेल्थ केयर र मधेश प्रदेश प्रहरी अस्पताल सप्तरीले पुऱ्याएको थियो ।




कार्यक्रममा नेपाल प्रहरी श्रीमती संघकी अध्यक्ष कुसुम लता सिंहले ३ सयलाई कम्बल वितरण गरेका थिए। सो अवसरमा मधेश प्रदेशका प्रहरी नायब महानिरिक्षक मसाऊँद आलम खाँ, महागढीमाई नगरपालिकाका मेयर उपेन्द्र यादव, जिल्ला प्रहरी कार्यालय वाराका प्रमुख होबिन्द्र बोगटी, वीरगंज हेल्थ केयरका संचालक डा.अबुलहैस अन्सारी, महागढीमाई नगरपालिकाका वडा नम्बर ७ का अध्यक्ष शिवेन्द्र प्रसाद सिंह लगायतले मन्तव्य व्यक्त गर्नु भएको थियो ।

कार्यक्रममा २ हजार भन्दा बढीको निःशुल्क स्वास्थ्य परिक्षण गरिएको थियो ।

बीरगंज हेल्थ केयरको चिकित्सक सहितको टोलीले स्वास्थ्य शिविरमा महत्वपूर्ण योगदान पुऱ्याएको भन्दै बीरगंज हेल्थ केयरका संचालक डा. अबुलहैस अन्सारीलाई सम्मान समेत गरिएको थियो ।

स्वास्थ्य शिविरमा वीरगंज हेल्थ केयरका हार्ड जोर्नी विशेषज्ञ डा. मनोज प्रसादकुशवाहा, बालरोग विशेषज्ञ डा. ईल्ताफ अन्सारी, स्त्री रोग विशेषज्ञ डा.मिना यादव, जेरेरल फिजिसियन डा. नविन यादव, स्त्री तथा प्रसुती रोग विशेषज्ञ डा.स्वेता चौधरी कर्ण, जेनेरल फिजिसियन डा. नौसाद अली लगायतको टिमले विरामीको उपचार गरेको थियो भने मधेश प्रदेश प्रहरी अस्पतालका चिकित्सक प्रहरी उपरीक्षक नविन कुमार चौधरीको टिमले स्वास्थ्य सेवा उपलब्ध गराएको थियो ।

# डिआईजी खाँ सरुवा, मधेशमा कुँवर

मधेशदृष्टि

बीरगञ्ज, २८ पुस । मधेश प्रदेशका डिआईजी मसाउद आलम खाँ सहित नेपाल प्रहरीका १७ जना डीआईजीको काज सरुवा भएको छ ।

बिहीवार भएको सरुवा अनुसार प्रहरी प्रधान कार्यालय, नक्सालमा कार्यरत डीआईजी बसन्तबहादुर कुँवरले मधेश प्रदेश प्रहरी कार्यालयको जिम्मेवारी पाएको छ । मधेशका प्रहरी प्रमुख मसाउद आलम खाँ उपत्यका प्रहरी कार्यालय, रानीपोखरीमा सरुवा गरिएको छ ।



त्यस्तै कर्णाली प्रदेशका पोषराज पोखेल प्रहरी महानिरीक्षकको सचिवालयमा तानिएका छन भने भीमप्रसाद ढकाल कर्णाली प्रदेश पठाइएका छन् । प्रहरी प्रधान कार्यालयका डीआईजी दीपक थापा बागमती प्रदेश प्रहरी कार्यालय, हेटौंडामा खटाइएका छन् । अशोक सिंहले सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय, धनगढीको जिम्मा पाएका छन् । प्रहरी प्रवक्ता रहेका टेकप्रसाद राईले लुम्बिनी प्रदेश प्रहरी कार्यालय, दाङको जिम्मा पाएका छन् ।

गण्डकी प्रदेशको नेतृत्व बुद्धिराज गुरुङले पाएका छन् । प्रदेश १ प्रहरी कार्यालय, विराटनगरको नेतृत्व श्यामलाल ज्ञवालीले पाएका छन् ।

उनी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको नेतृत्वमा थिए । विमानस्थलमा किरण राणा खटाइएकी छन् । विशेष ब्यूरोमा सुदीप गिरी पुगेका छन् ।

# विश्व हिन्दी दिवसको अवसरमा भाषण र नाटक प्रतियोगिता

मिश्रीलाल मधुकर

जनकपुरधाम, २९ पुस ।

महावाणिज्य दूतावास वीरगञ्जद्वारा विश्व हिन्दी दिवसको अवसरमा जनकपुरधाम उद्योग वाणिज्य संघमा भाषण र नाटक प्रतियोगिता सम्पन्न भएको छ । बुधवार राति भएको सो कार्यक्रममा डेफोडिल्स पब्लिक स्कुल, ग्यानदास इन्टरनेशनल स्कुल, मीट, दामोदर एकेडेमी, संकटमोचन मावि, याज्ञवल्क्य संस्कृत मावि र गोगलप्रसाद मोडेल माविका कक्षा ६ देखि १२ सम्मका दुई दर्जनभन्दा बढी विद्यार्थीहरुले स्वरचित कविता, भाषण प्रतियोगिता र नाटक प्रतियोगितामा सहभागिता जनाएका थिए । कार्यक्रमको उद्घाटन गर्दै भारतीय महावाणिज्य दूतावास वीरगञ्जका महावाणिज्यदूत नितेश कुमारले




विश्व हिन्दी दिवस विश्वभर मनाइने बताए। यो संसारमा तेस्रो सबैभन्दा बढी बोलिने बालिनी भाषा हो। भारतमा सेप्टेम्बर १४ मा राष्ट्रिय हिन्दी दिवस मनाइन्छ । सो अवसरमा जसपाका विधायक किरणकुमारी साहले जसपा पार्टीले नेपालमा हिन्दी भाषालाई संपर्क भाषा बनाउन सदैव प्रयासरत रहेको बताइन् ।

जसपा को सांसद ले पनि हिन्दीमा सपथ पनि लिएका छन् । कार्यक्रममा मधेस प्रज्ञा प्रतिष्ठानका अध्यक्ष तथा साहित्यकार राम भरोस कापड़ि भ्रमर भ्रमरले मधेसमा पनि अन्य भाषालाई जस्तै हिन्दी भाषाको सम्मान गरिने बताए ।

गजेन्द्रनारायण सिंहले हिन्दीमा मात्र भाषण दिने गरेको हिन्दी भाषाका अभियानी रमन पाण्डेले बताए । अन्य भाषाहरू जस्तै हिन्दीलाई पनि मान्यता दिनुपर्छ । त्यसका लागि जीवनभर संघर्ष गरे । हिन्दीको सन्दर्भमा खस शासकहरूले यसलाई भारतीय दलाल पनि भन्दै आएको गुनासो गरे । बिद्यार्थीले रचना गरेका कविता, भाषण र नाटकले दर्शकलाई मोहित बनाएको थियो । सहभागीलाई पुरस्कार छनोट रा. रा.ब क्याम्पसका हिन्दी विभागका सेवानिवृत्त प्रमुख डा आशा सिंह, साहित्यकार सुदर्शनलाल कर्ण र पत्रकार मिश्रीलाल मधुकरले गरेका थिए । भारतीय महावाणिज्य दूतावास वीरगन्जका महावाणिज्यदूत नितेश कुमारले प्रथम, द्वितीय र तृतीय विजेता सबै सहभागीहरूलाई प्रमाणपत्र प्रदान गरेका थिए भने अतिथिहरुलाई वाणिज्य दूततरुण कुमारले स्वागत गरेका थिए ।

# स्वतन्त्र सांसद कलवार एमालेमा प्रवेश

मधेशदृष्टि

बीरगंज, २८ पुस । बारा क्षेत्र न.२ (क) का स्वतन्त्र प्रदेश सभा सदस्य सारदा शंकर कलवार नेकपा एमाले मा प्रबेश गरेका छन् ।

नेकपा एमालेका केन्द्रिय सचिव तथा मधेस प्रदेश इन्चार्ज एवं सांसद रघुबीर माहाशेठ र केन्द्रिय सदस्य एवं सांसद राजकुमार गुप्ताको पहलमा आज एमाले अध्यक्ष केपी शर्मा ओलीको निवास बालकोटमा आयोजित एक कार्यक्रमका विच कलवार एमालेमा प्रवेश गरेको हो । सो अवसरमा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले कलवारलाई खादा टीका लगाई पार्टीमा प्रवेश गराएको थियो ।

# फोहोर फाल्ने ४ जनालाई जरिवाना

मधेशदृष्टि

बीरगंज, २८ पुस । सडकमा जथाभावी फोहोर फाल्ने वीरगञ्जको घण्टाघर स्थित ब्याहुत मार्केटका विक्की प्रसाद कलवार समेत ४ जनालाई आज नगद जरिबाना गरिएको छ ।

वीरगञ्जलाई सफा, सुन्दर बनाउनका लागि जथाभावी फोहोर फाल्नेलाई कारबाही अभियान अघि बढाएको महानगरले आज घण्टाघर अगाडी पसल संचालन गर्ने विक्की प्रसाद कलवार, कल्याणी सु सेन्टर, रंगोली इन्टरप्राईजेजलाई जनही ५/५ सय रुपैया जरिवाना गरिएको महानगरका सरसफाई प्रमुख सरफुद्धिन मियाँले जानकारी दिएका छन् ।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल